मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

**आफ्नै सूचना**

प्रेस उपकरणमा देखिएको प्राविधिक गडबडीले मधेशदृष्टि दैनिक केही दिन श्यामश्वेत कलेबरमा प्रकाशन हुने जानकारी गराउँदछौँ । यसबाट पाठक वर्गमा पर्न गएको असुविधाका लागि क्षमा चाहन्छौँ र छिट्टै रंगीन कलेबरमा प्रकाशन गरिने जानकारी गराउँदछौँ ।

– मधेश प्रदेश प्रकाशन समूह, वीरगंज

● वर्ष ३ ● अंक ८१ ● २०८१ साल माघ १७ गते बिहीबार ● Thursday 30, January 2025 ● सूर्योदयः बिहान ६:५२ बजे ● सूर्यास्तः साँझ ५:४५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## उपलब्धिको रक्षा गर्दै समृद्धितर्फ अघि बढ्नुपर्छः सुवेदी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**




मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्राप्त उपलब्धिको संरक्षण गर्दै मुलुकमा स्थायी शान्ति र समृद्धिको बाटोमा अघि बढ्नसकेमा सहिदप्रतिको सच्चा सम्मान हुने बताएकी छन् । बुधबार शहीद दिवसका सन्दर्भमा शुभकामना सन्देश जारी गर्दै उनले मुलुकमा राजनीतिक परिवर्तन लोकतन्त्र स्थापनाका लागि ठूला–ठूला आन्दोलन भएका र यस क्रममा धेरै नेपाली नागरिकले बलिदानी दिएको उल्लेख गरिन् । यसरी प्राप्त उपलब्धि बचाएर देशलाई समृद्धिको बाटोमा अघि बढाउनु अहिलेको आवश्यकता भएको उनले सन्देशमा उल्लेख गरिन् । देशमा सहिदको सम्मानार्थ सहिद दिवसमार्फत स्मरण गर्दै गर्दा उहाँहरुले देखाएको बाटो भुल्न नहुनेमा उनले जोड दिएकी छन् । प्रमुख भण्डारीले लोकतन्त्र स्थापना भइसकेको अवस्थामा अब मुलुकमा स्थायी शान्ति कायम राखी विकास र समृद्धिलाई मेरुदण्ड बनाएर विकसित मुलुकको मापदण्डमा पुग्नुपर्ने अहिलको मुख्य चुनौती रहेको उल्लेख गरेकी छन् । प्रदेश प्रमुख भण्डारीले विभिन्न चरणका आन्दोलनमा आफ्नो बलिदानी दिनुहुने ज्ञात–अज्ञात सहिदप्रति उच्च सम्मान व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेकी छन् ।

## पोखरामा राष्ट्रिय औद्योगिक व्यापार मेलाः ‘घुमौँ मधेशः बुझौँ मधेश’ प्रति विशेष आकर्षण




गण्डकी,
पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा जारी ३३औँ संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेला तथा सूचना प्रविधि (आइटी) महोत्सवको उद्घाटनका अवसरमा मिथिलाको झिझिया नाचबाट गरिएको स्वागतलाई यहाँका स्थानीयले बिर्सेका छैनन् । यही माघ १० गतेदेखि पोखरा उद्योग वाणिज्य सङ्घद्वारा आयोजित महोत्सवमा थारू र भोजपुरी नृत्यप्रति स्थानीयको विशेष आकर्षण थियो भने महोत्सव किनमेलको गन्तव्य पनि बनेको थियो । सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकासले ल्याएको क्रान्ति झल्काउने आइटी उपकरण अवलोकन गर्ने थलो मात्र महोत्सव बनेन अपितु विभिन्न प्रदेशलाई जान्ने, बुझ्ने र अनुभव गर्न सकिने स्थान बन्यो ।

महोत्सवमा मधेश प्रदेशको उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयले राखेको ‘घुमौँ मधेशः बुझौँ मधेश’ कक्ष मधेशलाई बुझ्न महत्त्वपूर्ण बनेको छ । हरेक दिन महोत्सवका सहभागी करिब पाँच सय जनासम्मले यस कक्षमा आएर मधेश प्रदेश र यहाँको धार्मिक एवं पर्यटकीय गन्तव्यबारे बुझ्ने गरेको ‘घुमौँ मधेश, बुझौँ मधेश’ अभियानका संयोजक विकासकुमार ठाकुरले बताए ।

सहभागी जिज्ञासुलाई संयोजक ठाकुर, चन्द्रपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष उदय सापकोटालगायतले मधेश प्रदेशको पर्यटन, त्यहाँको वास्तविकताका साथै मधेशीहरूले गर्ने न्यानो आतिथ्यता आदिबारे जानकारी गराउने गरेका छन् । मेला उद्घाटनका अवसरमा संयोजक ठाकुरले कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेललाई मधेश प्रदेशका धार्मिक एवं पर्यटकीय गन्तव्यबारे सचित्र परिचय दिइएको पुस्तिका (बुकलेट) हस्तान्तरण गरेका थिए । उक्त अवसरमा मधेश प्रदेशको सांस्कृतिक धरोहरलाई झल्काउने भिझिया नृत्य र थारू नृत्यसमेत देखाइएको थियो । मधेश प्रदेशको पर्यटन प्रवद्र्धन गर्ने लक्ष्यका साथ पर्यटन राजधानी पोखरामा जारी महोत्सवका अवसरमा ‘घुमौँ मधेशः बुझौँ मधेश’ को प्रवद्र्धनात्मक कक्ष राखिएको संयोजक ठाकुरले बताए ।

प्रवद्र्धनात्मक सामग्रीका रुपमा महोत्सवका सहभागीलाई मधेश प्रदेशका पर्यटकीय गन्तव्यबारे सचित्र जानकारी समेटिएको पुस्तिका वितरण गरिएको छ । पुस्तिकामा प्राचीन मिथिलाको राजधानी जनकपुरमा अवस्थित जानकी मन्दिरसहितका धार्मिक महत्वका स्थलबारे जानकारी गराइएको छ । मिथिलाञ्चलवासीको सांस्कृतिक धरोहर यस मन्दिर सन् १८९४ मा शिलान्यास भई सन् १९११ मा निर्माण पूरा भएको पुस्तिकामा उल्लेख छ । पुस्तिकामा कोशी टप्पु वन्यजन्तु आरक्ष, सहलेश फूलबारी, गढीमाई, पर्सा राष्ट्रिय निकुञ्ज, पञ्चधुरा, दिनाभद्री मन्दिर, सिम्रौनगढ, कङ्कालिनी मन्दिर, धनुषाधाम, भरत तालबारे सचित्र जानकारी दिइएको छ ।

मधेश प्रदेशमा रहेका नुनथर, गहवामाई, छिन्नमस्ता भगवती मन्दिर, ठोरी, भिश्वाडाँडा, मटिहानी, रौजा मजार, कमलदह, चुरे शिवालिक पर्वत, राजदेवी मन्दिर, चुरियामाई, पारसनाथ मठ, पर्सागढी, दुग्धेश्वरनाथ महादेव, चन्द्र नहरबारे पुस्तिकामा चर्चा गरिएको छ । यस्तै, मूर्तिया, नाढीमन ताल, जलेश्वर महादेव मन्दिर, हनुमान मन्दिर, बाबाताल, हात्तीदह सिमसार, टुटेश्वरनाथ धाम, कारिक स्थान पडौल, सहिद स्मृति पार्क, शिव मन्दिर, निजानन्द धाम, सिद्धबाबा हाइकिङ, जनकपुर रेलमार्ग र बरहवातालबारे पुस्तिकामा जानकारी गराइएको छ । पुस्तिकामा उल्लेखित स्थानबारे दिइएका जानकारीले मधेस प्रदेशमा जाने पर्यटकलाई त्यहाँबारे पूर्ववत् रूपमा सामान्य जानकारी हासिल गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । मधेशबारे महोत्सवका सहभागीलाई परिचय गराउनुका साथै त्यहाँका विशिष्टताबारे जानकारी गराउँदै मधेश बुझ्न र घुम्न अनुरोध गर्ने गरिएको चन्द्रपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष उदय सापकोटाले बताए । ‘मधेश सबै किसिमले घुम्नैपर्ने गन्तव्य हो भन्ने सन्देश दिनका लागि पनि हामी यहाँ आएका हौँ’, उनले भने, ‘मधेशका धेरै प्राकृतिक एवं सांस्कृतिक सम्पदाहरू हेर्न लायक छन् ।’

पछिल्ला समयमा मधेशमा पूर्वाधार विकास पनि द्रुत रूपमा भइरहेको बताउँदै उनले पहिला जनकपुर विमानस्थल मात्र रहेको यस प्रदेशमा अहिले सिमरा र राजविराजमा पनि विमानस्थल सञ्चालनमा आएको जानकारी दिए । मधेश बुझ्ने कक्षका साथै मधेशको मौलिक परिकार चाख्न पाउने गरी राखिएको अर्को कक्ष पनि यतिखेर महोत्सवको आकर्षण बनेको छ । महोत्सवस्थलमा रौतहटको कटहरिया बजारबाट आएर बनाइएको कटियाको स्वादसँगै सप्तरीको बरमझियाको पेडाको स्वादसमेत चाख्न पाइने सो कक्षका सञ्चालक अजय साह सोनारले जानकारी दिए ।

महोत्सवस्थलमा आएका व्यक्तिहरूले निकै रुचिका साथ कटिया र पेडा खाने गरेको उनले बताए । माटोको घैँटोमा पकाइने खसीका मासुलाई कटिया भनिने र यसले मधेसको रौतहटको मौलिक परिकारका रूपमा चर्चा कमाएको उनले जानकारी दिए । माटोको घैँटोमा खसीको मासुसँगै प्याज, अदुवा, लसुन, जिरा, खुर्सानी, मरिच, बेसार राखेर कोइलाको रापमा पकाइने यो परिकार महोत्सवको आकर्षण बनेको उनले जानकारी दिए । सप्तरी बरमझियाको पेडा चाख्नेको पनि उत्तिकै आकर्षण रहेको उहाँले जानकारी दिए । महोत्सवलाई पोखराको मात्र नभई देशकै विविधता जान्ने, बुझ्ने र अनुभव गर्ने थलोका रूपमा विकास गर्न खोजिएको पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले बताए ।

महोत्सवस्थलमा विभिन्न प्रदेशका कक्ष पनि रहेका जानकारी दिँदै उनले दुई सय ५० कक्षमध्ये मधेश प्रदेशको दुई कक्षसँगै सूदुरपश्चिमका एक, कोशीका तीन, बागमतीका पाँचवटा कक्ष रहेको उनले जानकारी दिए । तीनवटै प्रदेशका मौलिक उत्पादनलाई बिक्रीमा राखिएको छ । महोत्सव माघ १९ गते समापन हुने छ । रासस

## सीमावर्ती क्षेत्रमा लागु औषध कारोबार र दुर्व्यसनका घटनाहरू बढ्दै



**मधेशदृष्टि**
**वीरगंज ।**

नेपाल–भारत सीमावर्ती क्षेत्रमा लागु औषध कारोबार र दुर्व्यसनका घटनाहरू बढ्दै गएका छन् । रौतहट प्रहरीले पछिल्लो समय लागु औषध नियन्त्रणमा कडाइ गरेपछि दुर्व्यसनी र कारोबारी भारतीय सीमावर्ती बजार बैरगनिया, चमनपुर, बङ्कुल र घोडासहानतर्फ आकर्षित हुन थालेका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार चालु आर्थिक वर्षमा मात्र लागु औषध कारोबारी र दुर्व्यसनीका १८ पुरुष र १ महिला गरी १९ जना पक्राउ परेका छन् । पक्राउ परेका १६ जनामाथि मुद्दा दायर गरिएको छ । अनुसन्धानमा अधिकांश अभियुक्तहरूले भारतीय बजारबाट औषधिजन्य लागु पदार्थ खरिद गरेको स्वीकारेका छन् । प्रहरीले हालसम्म ‘नाट्राभेट ट्याब्लेट’ ८२४ गोटा, ‘कोरेक्स’ १२ बोतल, ‘फेनारगन’ ४८ पिस, ‘बुप्रोनाइफाइन’ ८० पिस, ‘डाइजिल्याब’ १७६ पिस, ‘नुर्फिन’ ९६ पिस, ‘प्रोमिथाजिन’ १३० पिस, अज्ञात इन्जेक्सन ४ भाइलसहित २७.९ किलो गाँजा र १ ग्राम हिरोइन बरामद गरेको छ ।

## ‘शहीदहरुलाई सबैले सम्मान गर्नुपर्छ’

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

शहीद दिवसको अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलनका अमर शहीद शुक्रराज धर्मभक्त, गंगालाल, दशरथ चन्द, दुर्गानन्द झा, भीमनारायण श्रेष्ठ र यज्ञबहादुर थापा समेतका सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुका साथै विश्व वद्य महात्मा गान्धीको बलिदान दिवसको अवसरमा जनकपुर बौद्धिक सामाज र जनकपुरधाम उपमहानगर पालिकाको संयुक्त आयोजनमा आयोजित शहीद दिवस समारोहमा शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरिएको छ । ‘शहीदहरुका बलिदानले देशमा गणतन्त्र भएपनि अहिलेको अहिले शहीदहरुप्रति पनि भेदभाव हुनु दुर्भाग्यपूर्ण हो । शहीदहरुलाई कुनै भाषा, धर्म क्षेत्र विशेषमा सिमित नराखेर सबैले सम्मान गर्नु पर्दछ र त्यो नभएर नै हाम्रो देशमा गणतन्त्र सुदृढ हुन सकेको छैन ।’ समारोहको अध्यक्षता गर्दै राघवेन्द्र साहले भने, ‘२००५ साल माघ १६ गते महात्मा गान्धीको हत्या भएपनि उनी सत्य, अहिंसा र सत्याग्रहका पुजारी पूज्यबाबू विश्वका अरबौ जनताको प्रेरणा पुज्य रहेका छन् ।’

उनले वि.स. १९९७ मा १० गते शुक्रराज शास्त्री, १३ गते धर्मभक्त, १५ गते गंगालाल र दशरथचन्द्र र २०२० साल माघ १५ गते दुर्गानन्द झाको हत्या गरिएको स्मरण गर्दै शहीदले देखाएको बाटोमा सबै हिड्नुको विकल्प नरहेको बताए । कार्यक्रममा श्रीनारायण साह, सरोज यादव, चन्द्रशेखर राय, भोगेन्द्र लाल कर्ण, प्रा.रमेश कुमार साह, ई मुकेश कुमार साह, प्रा.डा.विकास कुमार साह लगायतले गान्धीको मार्ग नै विश्व कल्याणको मूल बाटो रहको बताए ।

## मधेश प्रदेश सभाको ७औं वार्षिकोत्सवमा बृहत सरसफाइ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेश सभाले आफ्नो ७औं वार्षिकोत्सवको अवसरमा बृहत सरसफाइ र विभिन्न सांस्कृतिक, खेलकुद तथा सामाजिक कार्यहरू गरेको छ ।



वार्षिकोत्सवको प्रमुख कार्यक्रम विश्वप्रसिद्ध जानकी मन्दिर परिसरको सरसफाइ थियो । कार्यक्रम अन्तर्गत जानकी मन्दिरको चारैकुना प्राङ्गण तथा वरिपरि सरसफाइ गरिएको छ । सरसफाइ कार्यक्रममा प्रदेश सभाका उच्च अधिकारीहरू र विभिन्न पार्टीका प्रतिनिधिहरूले सहभागी भएर स्वच्छतामा योगदान दिएका छन् । प्रदेश सभाले यस अवसरमा विविध खेलकुद प्रतियोगिताहरूको आयोजना पनि गरेको छ । यस बर्षको वार्षिकोत्सवमा व्याडमिन्टन, भलिवल, चेस, टेनिस, म्युजिकल चेयर, क्यारमबोर्ड र लुडो प्रतियोगिता समावेश गरिएको छ । मधेश प्रदेश सरकारको रक्तसञ्चार केन्द्रसँगको समन्वयमा रक्तदान कार्यक्रम पनि सञ्चालन गरिएको थियो । त्यस्तै, एक मानविय पहलको रूपमा, गरिबी र निमुखालाई जाडोको मौसमबाट बच्न आवश्यक सामग्रीको वितरण पनि गरिएको थियो । प्रदेश सभा सचिवालयका सचिव वासु कोईरालाले जानकारी दिए अनुसार वार्षिकोत्सवको अवसरमा जनकपुरधामको विभिन्न स्थानहरूमा वृक्षारोपण र सरसफाइ कार्यक्रम पनि सञ्चालन गरिनेछ । सरसफाइ कार्यमा प्रदेश सभाका सभामुख रामचन्द्र मण्डल, नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक फकिरा मण्डल, जनता समाजवादी पार्टी नेपालका उपनेता रामअशिष यादव, नेकपा एकीकृत समाजवादी पार्टीका रत्नेश्वर गोईत, नेपाली काँग्रेसका सचेतक कुमरकान्त झा, जनमत पार्टीका संजय यादव लगायत मधेश प्रदेश सभाका कर्मचारीहरूको पनि सक्रिय सहभागिता रहेको थियो ।

# मिसन ८४ सफल पार्न धमाधम संगठन निर्माण गर्दै जसपा नेपाल



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको फतुवा विजयपुर नगरपालिकामा मिसन ८४ सफल पार्न जनता समाजवादी पार्टी नेपालले धमाधम संगठन निर्माण गरिरहेको छ । जनता समाजवादी पार्टीको गढ मानिएको फतुवा विजयपुर वडा नम्बर ११ मा बुधबार वडा स्तरीय बैठकमा सहभागी जसपा नेपालका नेताहरुले आगामी चुनावको तयारी स्वरुप अहिले देखिनै कसरत थालेका हुन् ।

जनतासँग जनता समाजवादी पार्टी,नेपाल अधारभूत संगठन निर्माण अभियान अन्र्तगत मंगलवार वडा नम्बर ५ सोनालाल कुशवाहाको अध्यक्षतामा २५ सदस्य वडा कमिटि गठन गरिएको थियो भने बुधवार वडा नम्बर ११ मा सिताराम चौधरीको अध्यक्षतामा २५ सदसीय वडा कमिटि गठन गरिएको छ । नगर कमिटि अधयक्ष जयमंगल यादवको अध्यक्षतामा भएको बैठकबाट गठित कमिटिको उपाध्यक्षमा पूर्ण बहादुर खापाङ्गी, महिला उपाध्यक्षमा रविना मगर लुङ्गेली, कोषाध्यक्षमा नविन अधिकारी, सचिवमा पाडव किरिङ, सह सचिवमा तेजनारायण चौधरी, उपेन्द्र पटेल रहेका छन् । त्यस्तै सदस्यहरुमा हेमनारायण चौधरी, सन्तलाल चौधरी लगायतका व्यक्तीहरु रहेको जसपा मधेश प्रदेश कमिटि सदस्य विजय चौधरीले जानकारी गराएका हुन् । संगठन निर्माणको काम अन्य वडामा पनि लगातार गर्ने उनले बताएका हुन् । कार्यक्रममा सम्बोधन गर्दै जसपाका केन्द्रिय सदस्य विन्देश्वर यादवले यहाँको स्थानिय सरकारको अनुभूती जनताले गर्न नसकेको बताए । भागबण्डा गर्नमा नै व्यस्त रहेका जनप्रतिनिधीहरुले कुनै काम गर्न नसकेको अरोप लगाएका छन् । त्यसैले आगामी मिसन ८४ मा जसपा बाहेक अन्य कुनै विकलप नरहेको उनको दाबी थियो । त्यस्तै अर्का वक्ता प्रदेश कमिटि सदस्य विजय चौधरीले मिसन ८४ मा जसपालाइ फतुवा विजयपुरमा मजबुत बनाउनु पर्नेमा जोड दिएका थिए । जबसम्म परिवर्तन हुँदैन तबसम्म विकास हुन सक्दैन् । त्यसैले जसपालाइ हरेक टोल टोलमा बलियो बनाउनु पर्ने अहिलेको आवश्यकता रहेको बताए ।

# निःशुल्क आँखा शिविर सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी, पर्साको लोककल्याणकारी अभियान अन्तर्गत जगरनाथपुर गाउँपालिका–२, लक्ष्मीपुरमा ११औं निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । शिविरमा उत्साहजनक सहभागिता देखिएको छ, जसअन्तर्गत १७६ जना महिला तथा पुरुषले आँखा परीक्षण गराएका छन् । शिविरमा परीक्षण गरिएका मध्ये ६३ जनामा मोतिबिन्दु रोग पत्ता लागेको छ । उनीहरूको शल्यक्रिया वीरगंज सामुदायिक आँखा केन्द्रमा निःशुल्क रूपमा गरिने छ । जनमत पार्टीको यो अभियानबाट हालसम्म १,२६३ भन्दा बढी स्थानीय बासिन्दा लाभान्वित भइसकेका छन् भने ३०० भन्दा बढीको मोतियाबिन्दुको शल्यक्रिया सफलता पूर्वक सम्पन्न भएको छ । शिविरको संयोजन पार्टीका नेता बृजेस्वर चौधरीकोले गरेका थिए । साथै, प्राविधिक टोली र स्वयंसेवकहरूको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्दै धन्यवाद ज्ञापन गरिएको छ ।

जनमत पार्टीले गाउँदेखि सहरसम्म निःशुल्क स्वास्थ्य सेवा पु¥याउने अभियानलाई निरन्तर जारी रहने जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सरार्फले बताए ।

# १८ जना फरार प्रतिवादीलाई पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरीले एकैदिनमा १८ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । प्रहरीले फरार प्रतिवादी पक्राउ गर्ने अभियान नै चलाएर उनीहरुलाई जिल्लाका फरकफरक स्थानहरुबाट पक्राउ गरेको हो ।

प्रहरी कारबाहीको सिलसिलामा जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहत प्रहरी इकाईहरूबाट खटिएको टोलीले मंगलवार १८ फरार प्रतिवादीलाई पक्राउ गर्न सफल भएको प्रहरीले जनाएको छ । पक्राउ पर्ने प्रतिवादीहरुमा हालहतियार खरखजाना, कुटपीट तथा गाली बेइज्जती, चोरी, बिगो, किर्ते जालसाजी मुद्दा लगायतका छन् । जिल्ला अदालत रौतहटबाट दण्ड सजाय तोकिएर फरार रही लामो समय पछि पक्राउ परेका उनीहरुलाई फैसला कार्यान्वयन लागि जिल्ला अदालत गौरमा उपस्थित गराइएको प्रहरीले जानकारी दिएको छ ।

# राजनीति नाफामुखी व्यवसाय हुनु हुँदैनः अछामी



**काठमाडौँ ।**
विसं २०६२/६३ को जनआन्दोलन र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को सशस्त्र युद्ध (जनयुद्ध)को बलमा नयाँ संविधान जारी भइसकेपछि राष्ट्रको प्राथमिकता आर्थिक विकास र समृद्ध नेपाल निर्माणमा हुनु पर्दथ्यो । त्यसका लागि संविधान कार्यान्वयनसँग सम्बन्धित ऐन, कानुन निर्माण र समृद्ध राष्ट्र निर्माणका लागि साझा दृष्टिकोण बनाएर सबैको ध्यान केन्द्रित गर्नुपर्ने थियो । तर राजनीतिक परिस्थिति भने सत्ता सङ्घर्षतिर नै केन्द्रित भइरहेको छ ।

प्राथमिकता एकातिर, ध्यान अर्कातर्फ भइदिँदा जनअपेक्षा पूरा हुनसकेका छैनन् । राष्ट्रिय पार्टीहरूको सुझबुझ राम्रो भएन भने देशले अप्ठ्यारो परिस्थिति भोग्नुपर्ने हो कि भन्ने देखिन्छ ।

दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच भएको सहमतिअनुसार संविधान संशोधन गरी तत्काल अघि जान सक्ने स्थिति पनि बनेको देखिँदैन । संसद्को अधिवेशन आह्वान गर्ने समय नजिकिँदै गर्दा अध्यादेशहरू जारी गरियो । राजनीतिक अस्थिरता र सत्ताकेन्द्रित बहसले परिवर्तनका लागि एउटै मोर्चामा रहेका दलहरूबीचको हार्दिकतालाई कमजोर तुल्याएको छ । यस्तो परिस्थितिले मुलुकको अर्थतन्त्रमा सुधार ल्याउन उपयुक्त वातावरण सृजना गर्न सकिएको छैन । पछिल्लो समय राजस्व सङ्कलन घटेको छ ।

वैदेशिक सहायता पनि क्रमशः घट्ने देखिन्छ । राजस्वबाट नियमित खर्चको व्यवस्थापन पनि नहुने अवस्थाबाट देश गम्भीर सङ्कटतर्फ जाँदैछ भन्ने अनुमान गर्न सकिन्छ ।

संविधानले अङ्गीकार गरेको निर्वाचन प्रणाली र शासकीय स्वरुपले कुनै पनि दलले संसद्मा एकल बहुमत ल्याउने देखिँदैन । दलहरू पनि सत्तामा रहँदा एउटा र बाहिर हुँदा अर्को ढङ्गले प्रस्तुत हुने प्रवृत्ति छ । प्रतिपक्षमा रहँदा जनताका आवाज बुलन्द गर्नेले सत्तामा पुगेपछि राष्ट्र र जनताको पक्षमा आफ्नो जिम्मेवारी पूरा गर्ने र जनपक्षीय काम निरन्तर गरे हुन्थ्यो, त्यो देखिन्न । यही कारण दलहरूप्रति आमजनतामा अविश्वास बढेको, निराशा थपिएको र विवादको वातावरण सृजना गरेको छ ।

संविधान जारी भएपछि तीन वर्षभित्र धेरैवटा कानुन तर्जुमा गरिनुपर्नेमा दशक पुग्न लाग्दा पनि सुरक्षा, शिक्षा, निजामती सेवा समेतका कैयौँ कानुनहरू बन्न सकेका छैनन् । हामी विधायिकी भूमिकामा जसरी लाग्नुपर्ने हो, त्यसरी लागेनौँ, लाग्न सकेनौँ र लाग्ने परिस्थिति बनेन भन्ने मेरो निष्कर्ष छ । हामीले समय त्यत्तिकै अनावश्यक कार्यमा व्यतित गरिरहेका छौँ । यसबाट राष्ट्र र जनताप्रति घात भइरहेको छ । यद्यपि, राष्ट्रियसभामा दर्ता भएका विधेयकमाथि छलफल, संशोधन र पारित गरी पठाउने कार्य प्रभावकारी रूपमा अघि बढाएका छौँ ।

यो चार–पाँच वर्षमा जति गर्न सक्थ्यौँ, त्यति गर्न सकेनौँ । राष्ट्रियसभा र प्रतिनिधिसभाले पर्याप्त समय दिएर विधायिकी भूमिका र विधि निर्माणको कामलाई व्यवस्थित गर्नेभन्दा पनि कुर्सीको लडाइँमा राजनीतिलाई केन्द्रित र दबाब दिने काम गरियो भन्ने लाग्छ । यो परिस्थिति आउनुमा कुनै दल र नेता विशेष होइन, प्रणालीको दोष हो भन्ने मेरो बुझाइ छ । संविधानमा राखिएको शासकीय प्रणालीमा जे व्यवस्था गरियो, त्यो अव्यावहारिक भएकाले अब



प्रणालीलाई सुधार्नुपर्ने खाँचो छ । विधायकलाई विधि निर्माणमा केन्द्रित गर्ने वातावरण पनि बनाउनुपर्छ । अन्यथा खर्चिलो चुनाव, सांसद् र मन्त्री बन्ने दौड तथा आर्थिक स्रोतको व्यवस्थापनमा ध्यान दिनुपर्दा कानुन निर्माण ओझेलमा पर्न गयो ।

सशस्त्र क्रान्ति, शान्तिपूर्ण जनआन्दोलन, मधेस आन्दोलनको भावना प्रतिनिधित्व होस् भनेर दलहरूबीचको सहमतिका दस्तावेजका रूपमा संविधान आएको हो ।

माओवादी केन्द्रले उठाएका कतिपय मुद्दा संविधानमा समेटिएका छैनन्, मधेस आन्दोलनका भावना र अन्य पार्टीका एजेण्डा पनि सोही रूपमा रहेका छन् । शान्ति प्रक्रियालाई संस्थागत गर्नेगरी राजनीतिक पार्टीबीचमा सहमति भएर बनेको संविधान हो । प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थाले एक प्रकारको स्थायित्व दिन सकिन्छ भन्ने लाग्छ । अर्को, पूर्ण समानुपातिक निर्वाचन प्रणाली र विज्ञ केन्द्रित चुस्त र सानो मन्त्रिमण्डल बनाउनुपर्छ ।



स्थानीय तहमा प्रत्यक्ष निर्वाचित कार्यकारीको अभ्यासले राम्रो नतिजा दिएको छ । त्यसबाट जनताले थोरै भए पनि राहत महसुस गरेका छन् । प्रदेश र सङ्घलाई पनि त्यो ढाँचामा लगेर राजनीतिक स्थायित्व दिनुपर्छ । भ्रष्टाचार बढ्नुमा प्रणालीको पनि दोष छ । खर्चिलो निर्वाचन प्रणाली सुधार्नुपर्छ । नैतिकवान र सिद्धान्तनिष्ठ कार्यकर्ताले निर्वाचन जित्न सक्ने अवस्था छैन । निर्वाचनका लागि व्यापारी र ठेकेदारबाट चन्दा लिएर लड्नुपर्ने अवस्था छ । चुनाव जितेपछि खर्च उठाउनतर्फ जाँदा भ्रष्टाचारलाई मलजल भएको छ ।

उम्मेदवारका सन्दर्भमा सबै पार्टीभित्रको इमान्दार, आन्दोलन र पार्टीप्रति प्रतिबद्ध नेता कार्यकर्ताको छनोट गर्न सकिन्छ । राजनीति मुलतः सेवा हो, तर त्यो अहिले देखिन्न । अहिले राजनीति नाफामुखी व्यवसाय भएको छ ।

परम्परागत कर्मचारीतन्त्रको मनोवृत्ति र कानुनी जटिलता, सामाजिक मनोविज्ञानले राजनीतिलाई ‘कर्पोरेट हाउस’को बिजनेसजस्तो बनाएको छ । विश्वमै यसखालका प्रवृत्ति देखापरेका छन् । यसलाई नसुधार्ने होभने जनता केन्द्रित राजनीति समाप्त हुन्छ ।

सूचना र प्रविधिका क्षेत्रमा आएको विकाससँगै विश्वव्यापीकरणले संसारका जुनसुकै घटना क्षणभरमै थाहा पाइन्छ । नयाँ पुस्तामा त्यस्ता सूचनाको प्रभाव, मेहनत कम, परम्परागत असल अभ्यास कमी र ज्ञानको पुस्तान्तरण हुन नसक्दा युवापुस्ता विदेशतर्फ आकर्षित भइरहेका छन् ।

देशमै केही हुन्छ कि भन्ने आशा, नेतृत्वप्रतिको विश्वास र भरोसा क्रमशः घट्दै गइरहेको छ । विदेशिएका युवाको अनुभवबाट अन्य युवालाई पनि विदेशिन प्रेरित गरिरहेको छ । मुलुकमा भएका स्रोतसाधनको उचित व्यवस्थापन गरी युवालाई स्वदेशमै परिश्रम गर्ने वातावरण राज्य, सरकार र राजनीतिक दलले बनाउनुपर्छ । त्यसका लागि तीनै तहका सरकार र जनप्रतिनिधिहरूले इमान्दारीपूर्वक जनता र राष्ट्रको पक्षमा काम गर्ने होभने जनतामा आशा जगाउन सकिन्छ । देश र जनताका हितका लागि नराम्रो नगर्ने, सकेजति राम्रो गर्ने प्रण गरेको छु ।

विसं २०४६ को जनआन्दोलनमा नेपाल विद्यार्थी सङ्घबाट राजनीतिमा प्रवेश गर्नुभएका राष्ट्रियसभा सदस्य गोपीबहादुर सार्की अछामी २०४८ सालबाट अखिल नेपाल विद्यार्थी युनियनमा आबद्ध भए । तत्कालीन नेकपा (माओवादी केन्द्र)को नेतृत्वमा सञ्चालित जनयुद्धमा सुरुआतदेखि नै सहभागी भएका उनी सिन्धुलीको जिल्ला कमिटी सदस्य, २०६४ सालमा संविधानसभा सदस्य, २०६९ मा खेलकुद राज्यमन्त्री, पार्टी केन्द्रीय समिति सदस्य हुँदै राष्ट्रियसभामा माओवादीको प्रमुख सचेतकको जिम्मेवारीमा छन् । अछामी हाल मोरङलाई कर्मक्षेत्र बनाएर सक्रिय छन् । हाल उनी राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको सदस्य हुन् । रासस



**बजार लैजान काउली व्यवस्थापन गरिँदै:** धनुषाको क्षिरेश्वरनाथ नगरपालिका–८, दिगमरपुरका किसान बिक्रीका लागि काउली बजार लैजान व्यवस्थापन गर्दै । तस्बिरः चन्द्रदेव साह/रासस

# सिरहाको ठाडी भन्सारमा लक्ष्यअनुसार उठेन राजस्व

मधेशदृष्टि
सिरहा ।
सिरहाको ठाडी भन्सार कार्यालयमा चालु आर्थिक वर्षको छ महिनाको अवधिमा भन्सार विभागले निर्धारण गरेको लक्ष्यभन्दा कम राजस्व उठेको छ । यस भन्सार कार्यालयलाई आव २०८१÷८२ मा चार करोड २३ लाख ४२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य तोकिएकोमा पुस मसान्तसम्म दुई करोड पाँच लाख ६९ हजार लक्ष्य तोकिएको थियो । तर, छ महिनाको यस अवधिमा कार्यालयले एक करोड ७१ लाख ४५ हजार मात्र राजस्व सङ्कलन गरेको छ । यो लक्ष्यको करिब ८४ प्रतिशत हुन आउँछ ।
कार्यालयका भन्सार अधिकृत मुकेशकुमार पाठकका अनुसार अपेक्षित राजस्व सङ्कलन हुन नसक्नुमा सिरहा जिल्लामा 'खाद्य तथा प्लान्त क्वारेन्टाइन' नहुनु हो । उनले भने, 'यस जिल्लामा दुईवटा मूल भन्सार र एउटा छोटी भन्सार कार्यालय रहेका छन् । तर जिल्लामै खाद्य तथा प्लान्ट क्वारेन्टाइन नहुँदा खाद्य सामग्रीको भन्सार जाँजपास हुन सकेन र अपेक्षित राजस्व सङ्कलन पनि हुँन नकेन ।'
भन्सार अधिकृत पाठकले प्लान्ट क्वारेन्टाइन कार्यालयको अभावमा चोरी निकासी तथा पैठारी हुने गरेको भन्दै खाद्य सामग्रीलाई वैधानिक रुपमा भन्सार जाँचपास प्रक्रियामा ल्याउन सके राजस्व सङ्कलन दुई गुणाले बढ्ने दाबी गरे । सम्बन्धित मन्त्रालय तथा विभागमा पटकपटक पहल गरिए तापनि सुनुवाइ हुन नसकेको उनले जानकारी दिए । रासस

# संसार हेर्ने अभिलाषा पूरा हुन लागेकामा महोत्तरीका ज्येष्ठ नागरिक मक्ख

मधेदशृष्टि
महोत्तरी ।
'फेउर स जिनगीमे इजोत आयल' (फेरि जीवनमा उज्यालो फक्र्यो) मोतियाविन्दुले टालिएको आँखाको शल्यक्रिया गरेकी बर्दिबास–१० खयरमारा मुसहरीटोलकी ६५ वर्षीया दुलारी सदा मुसहरले प्रसन्न हुँदै भनिन्, 'बुझलियै फेउर स हम पहिने सन देख पायब' (बुझ्नुभयो, फेरि म पहिलेजस्तै देख्नसक्ने हुनेछु) ।
पछिल्ला १० वर्षयता मोतियाविन्दुले आँखा टालिदा अँध्यारो भएको संसार अहिलेको शल्यक्रियाले ज्योति फर्कने कुराले दुलारीको खुसीको सीमा छैन ।
देब्रे आँखाको शल्यक्रिया गरिएकी दुलारीको केहीपछि दाहिने आँखाको पनि गरिनुपर्ने चिकित्सकले सुझाएका उनले बताइन् । केही दिनपछि नै आँखाको पट्टी हटाएपछि लगाउन कालो चश्मा पाउने कुरा पनि उनले बताइन् ।
दुलारीजस्तै सोही वस्तीका ७० वर्षीय रामचन्दर सदा पनि आँखाको मोतियाविन्दु हटाउने शल्यक्रियापछि अब उज्यालो संसार देखिने आशले दङ्ग छन् ।
'हेर्नुस् हजुर, हामी गरिबले यो अवसर पाउनु भनेको भगवान् भेटेजत्तिकै हो', नेपाली राम्रो बोल्न जान्ने रामचन्दरले भने, 'सित्तैमा हामी मुसहरलाई यो मौका हतपत्त कहाँ जुर्छ र हजुर, यो जसले गराइदिनुभयो, उहाँलाई भगवान्ले हेरुन् ।'
मुसहर मधेशमा स्वास्थ्य, शिक्षा, सामाजिक र आर्थिक अवसरबाट निकै पछि परेको अति सीमान्तकृत जाति समुदाय हो ।



दुलारी र रामचन्दरजस्ता अतिविपन्न परिवारका आँखाको समस्या समाधान गरिदिन अहिले बर्दिबास आँखा अस्पतालको पहलकदमीमा इम्प्रुभिङ्ग लाइभ्स इन नेपाल नामक संस्थाले आर्थिक स्रोत जुटाइदिएको हो । सोमबार र मङ्गलबार गरी एक सय जनाको आँखाको मोतियाविन्दुको जालो हटाउने शल्यक्रिया बर्दिबास जनसेवा अस्पतालमा सम्पन्न भएको छ । शल्यक्रिया गरिन आँखाका बिरामी यसपटक अत्यन्त गरिब वस्तीबाट परेका दुईदिने यो शिविरको बर्दिबास आँखा अस्पतालका तर्फबाट समन्वय गर्ने मकुन्दप्रसाद पौडेलले बताए । 'आफ्नै आर्थिक स्रोतले आँखाको उपचार र शल्यक्रिया गराउनै नसक्ने अत्यन्त विपन्न परिवारका सदस्यले यसपालि अवसर पाएका छन्', पौडेल भन्छन्, 'आँखाका बिरामीको सर्वेकै क्रममा अत्यन्त गरिब बस्तीमा मोतियाविन्दुका बिरामी भेटेपछि इम्प्रुभिङ्ग लाइभ्स इन नेपालसँग अनुरोध गरिएको हो, सो संस्थाले सदासयतापूर्वक प्रस्ताव स्वीकार गरिदिँदा एक सय जनाले आँखाको ज्योति पाएका छन् ।' दुईदिने शिविरमा शल्यक्रिया गरिनेहरू अधिकांश बर्दिबास–१०, ११ खयरमाराका अतिविकट चुरेकाछका बस्तीका गरिब परेका पौडेलले बताए । खयरमारा बर्दिबास मुख्यचोकबाट ४० किलोमिटर दूरीमा पर्छ ।
'हामी भनिन त बर्दिबास नगरकै छौँ, तर बिरामी पर्दा हामीले पहिले पुग्ने ठाउँ ४० किलोमिटर छिचोलेर बर्दिबास चोक नै हो', बर्दिबास–१० की ७० वर्षीया जानकी यादव भन्छन्, 'धन्न यी डाग्डरबाबुले हाम्रो सम्झना गरेछन् र आँखाको जालो हटाउने मौका पाइयो ।' सोही बस्तीका ७५ वर्षीय सुरज यादव पनि मोतियाविन्दुको शल्यक्रियापछि फेरि संसार देखिने आसमा दङ्ग छन् ।
शिविरमा जिल्लाकै रामगोपालपुर, जलेश्वर र मनराशिशवा नगर क्षेत्रका मोतियाविन्दुका बिरामी पनि लाभान्वित भएका छन् । 'सोच्ने नै छली जे मुनायल आँइखक पर्दा फेरु उघरत' (सोचेकै थिइनँ, जालोले ढाकेको आँखाको पर्दा फेरि उघ्रला) रामगोपालपुर–४ की ६५ वर्षीया कमोधियादेवी बरही भन्छिन्, 'दश साल स खेपी रहल अन्हारक पीडा आब सब भुलागेल' (दश वर्षदेखि खेप्दै आइएको अँध्यारोको पीडा अब सबै बिर्सियो) ।
दुईदिने मोतियाविन्दु शिविरका लागि पहिलो चरणमा वस्ती चयन, दोस्रो चरणमा आँखा जाँच र तेस्रो चरणमा शल्यक्रियाको प्रबन्ध मिलाइएको बर्दिबास आँखा अस्पतालले जनाएको छ । तीनवटै चरणका लागि इम्प्रुभिङ्ग लाइभ्स इन नेपालले पाँच लाख ५० हजार रकम उपलब्ध गराएको अस्पतालका स्रोतव्यक्ति शिविरका समन्वयकर्ता पौडेलले जानकारी दिए ।
शिविरमा वरिष्ठ नेत्ररोग विशेषज्ञ डा अर्जुन श्रेष्ठ नेतृत्वको सात सदस्यीय टोलीले शल्यक्रियाको काम सम्पन्न गरेको हो । शल्यक्रिया गरिनेहरूमा एक जना ५० वर्षमुनिका र बाँकी सबै यो भन्दा माथिका छन् । अहिले एउटा आँखाको शल्यक्रिया गरिएका धेरैजसोको अर्को आँखाको पनि शल्यक्रिया गरिनुपर्ने चिकित्सकको सुझाव छ । शल्यक्रिया गरिएका बिरामीमा ५५ पुरुष र ४५ महिला रहेका बर्दिबास आँखा अस्पतालले जनाएको छ । रासस

# खाद्य कम्पनीले संस्थासँग धान खरिद गर्ने



**मधेशदृष्टि**
**वीरगंज ।**
किसानले धान बिक्री गर्न नल्याएपछि वीरगंजमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले कृषि सहकारी संस्थासँग धान खरिद गर्न लागेको छ । शाखा प्रमुख पंकजकुमार झाले बाराको महागढीमाई नगरपालिकास्थित विश्वकर्मा बाबा कृषि सहकारी संस्थासँग धान खरिद बिक्रीको सम्झौता भएको बताए । पर्साको पटेर्वासुगौली क्षेत्रको सहकारीसँग पनि छलफल भई रहेको उनले बताए । मंसिर २० देखि धान खरिद खुल्ला गरेको शाखाले यसबर्ष हालसम्ममा २ हजार २ सय ७३ क्विन्टल मात्र धान खरिद गरेको छ । यस वर्ष वीरगंज शाखाले केन्द्रबाट ४२ हजार क्विन्टल धान खरिदको कोटा पाएको छ । ४२ हजार क्विन्टल कोटामध्ये ३२ हजार क्विन्टल सोना मन्सुली र १० हजार क्विन्टल जिरा मसिनो धान खरिदको कोटा छ । खाद्यले वीरगंजमा यस वर्ष जिरा मसिनो धान प्रतिक्विन्टल ४ हजार रुपैयाँमा खरिद खुल्ला गरेपनि किसानले हालसम्म जिरा मसिनो धान बिक्री गर्न ल्याएका छैनन् । यो धानको खरिद मूल्य प्रमुख जिल्ला अधिकारी संयोजक रहेको स्थानीय प्राथमिक खरिद समितिले निर्धारण गरेको हो । सोना मन्सुली धानको समर्थन मूल्य संघीय सरकारले प्रतिक्विन्टल ३ हजार ५ सय ८० रुपैयाँ ६२ पैसा निर्धारण गरेको थियो । यस वर्ष धान खरिद शुरु गरेलगत्तै बारामा पन्चबर्षिय गढीमाइ मेला लागेको कारण किसान मेलामा व्यस्त भएको र त्यसपछि उँखु काट्ने र गँहुको बीउ छर्ने चटारोसँगै किसानको ट्याक्टर पनि व्यस्त भएपछि किसानले धान बिक्री गर्न नल्याएको झाले बताए । शाखाले यस वर्ष गत वर्षभन्दा २० दिनअघि धान खरिद खुल्ला गरेको हो । खाद्यले सोना मन्सुली धान प्रतिक्विन्टल ३ हजार ५ सय ८० रुपैया ६२ पैसामा खरिद गरिरहेको छ । गत वर्ष किसानले निजी क्षेत्रबाटै बढी मूल्य पाएपछि खाद्यलाई धान बिक्री गर्न ल्याएनन् ।

# गाँजा खेती नष्ट पार्ने अभियान तीव्र

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा केहि समय यता फेरि लागू औषध गाँजाको खेती फस्टाउन थालेपछि प्रहरीले त्यसलाई निरुत्साहित गर्न गाँजा खेती नष्ट पार्ने अभियानलाई निरन्तरता दिँदै आएको छ । यसैक्रममा बुधबार पनि प्रहरीले पटेर्वा सुगौली गाँउपालिका वडा नम्बर २ थरघट्टीमा करिब ६ कठ्ठा जग्गामा लगाइएको गाँजा खेती फडानी गरेर नष्ट गरेको छ । ईलाका प्रहरी कार्यालय पटेर्वासुगौली र मातहतका प्रहरी पोष्टबाट २४ जनाको संख्यामा खटिएको प्रहरीले टोलीले करिब ३ हजार २ सय वटा गाँजाको बोट फडानी गरेर नष्ट गरेको प्रहरी निरीक्षक प्रकाश थापाले जानकारी दिए । सुर्ती खेती गरिएको खेतको बिचमा रोपिएका गाँजाका बोटहरु प्रहरीले फडानी गरेर नष्ट पारेको उनले बताए । पर्साका विभिन्न स्थानमा लुकिछपी गाँजाको खेती भइरहेको सुचना आएपछि प्रहरीले अभियान नै चलाएर गाँजा खेती नष्ट गर्दै आएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए ।

# समाजमा शिक्षा अभियान सञ्चालन गर्न आवश्यक



**मधेशदृष्टि**
**वीरगंज ।**
The human love charity fundले आयोजना गरेको निःशुल्क कक्षा संचालन कार्यक्रमको भव्य उद्घाटन सम्पन्न भएको छ । कार्यक्रमको नेकपा (एमाले) मधेश प्रदेश कमिटी सदस्य सलाउदिन अहमदले बुधबार उद्घाटन गर्दै यस अभियानलाई समुदायको शिक्षा र विकासमा ठूलो योगदान दिने बताए । कार्यक्रमको सुरुवातमा फण्डका प्रतिनिधिले निःशुल्क कक्षा संचालनको उद्देश्य र यसको आवश्यकताको बारेमा व्याख्या गरे । उनले यस अभियानले गरीब तथा सीमान्त परिवारका बच्चाहरूलाई शिक्षाको अवसर प्रदान गर्ने बताउँदै यसले समाजमा शिक्षाको महत्वलाई बढाउने अपेक्षा गरे । यस अवसरमा स्थानीय नेताहरू, शिक्षकहरू, अभिभावकहरू र विद्यार्थीहरू उपस्थित रहेको थियो ।
यस अभियान मार्फत गरीब तथा सीमान्त परिवारका बच्चाहरूलाई शिक्षाको अवसर प्रदान गर्ने लक्ष्य राखेको छ । यसले समाजमा शिक्षाको प्रसार र विकासमा ठूलो भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# झन्डै ५० हजारलाई एचपीभी खोप लगाइने

**मधेशदृष्टि**
**रौतहट ।**
राष्ट्रिय खोप कार्यक्रम अभियान अन्तर्गत रौतहट जिल्लामा झन्डै ५० हजार बालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप लगाइने भएको छ । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार कक्षा ६ देखि १० सम्म अध्ययनरत तथा विद्यालय बाहिर रहेका ४९,२६९ जना बालिकालाई खोप दिइनेछ । कार्यक्रम दुई चरणमा सञ्चालन हुनेछ । पहिलो चरणमा माघ २३ गतेदेखि फतुवा विजयपुर, मौलापुर, बौधीमाई, गढीमाई, कटहरिया, देवाही गोनाही, राजपुर, परोहा र इशनाथ नगरपालिकामा खोप अभियान सञ्चालन हुनेछ । दोस्रो चरणमा माघ ३० गतेदेखि गौर, राजदेवी, दुर्गा भगवती, यमुनामाई, माधवनारायण, गरुडा, वृन्दावन, गुजरा र चन्द्रपुर नगरपालिकामा खोप कार्यक्रम सञ्चालन गरिनेछ । जिल्ला स्वास्थ्य कार्यालय प्रमुख राजेश सिंहले सामुदायिक र संस्थागत विद्यालयमा ३९ हजार तथा विद्यालय बाहिर १० हजारभन्दा बढी बालिकालाई खोप लगाइने जानकारी दिए ।

# उपचारका लागि विद्यालयका कर्मचारीलाई आर्थिक सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी गाउँपालिका वडा नम्बर २ मा रहेको नेपाल राष्ट्रिय आधारभूत विद्यालय वनशक्ति टाउनप्लानमा कार्यरत विद्यालय कर्मचारी कलबहादुर गुरुङको उपचारका लागि आर्थिक सहयोग प्रदान गरिएको छ । ठोरी गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका शिक्षकहरूले दुर्घटनामा घाइते भएका गुरुङको उपचारका लागि १ लाख २३ हजार २ सय ३० रुपैयाँ सहयोग गरेका हुन् । नेपाल शिक्षक महासंघ ठोरीको पहलमा गाउँपालिकाभित्रका २१ व्टा विद्यालयका शिक्षकहरूबाट संकलित रकम शिक्षक महासंघ ठोरीका अध्यक्ष अमृत श्रेष्ठले घाइते गुरुङको परिवारलाई हस्तान्तरण गरेका हुन् । यहि माघ ४ गते मोटरसाइकल दुर्घटनामा घाइते भएका गुरुङको हाल वीरगंजस्थित न्युरो अस्पतालमा उपचार भइरहेको छ । आर्थिक अभावका कारण उपचारमा कठिनाइ भोगिरहेको खबर पाएपछि शिक्षक महासंघको नेतृत्वमा रकम संकलन गरी प्रदान गरिएको हो । रकम हस्तान्तरण कार्यक्रममा शिक्षक महासंघ ठोरीका अध्यक्ष अमृत श्रेष्ठ, उपाध्यक्ष गोपीलाल श्रेष्ठ, विद्यालयका प्रधानाध्यापक त्रिलोचन पराजुली, प्रधानाध्यापक झमक बहादुर श्रेष्ठ लगायतकाको पनि उपस्थिति रहेको थियो ।

सम्पादकीय

# विद्यार्थी संगठनमा सुधारको खाँचो

*नेकपा माओवादी केन्द्रको विद्यार्थी संगठन अखिल क्रान्तिकारीको राष्ट्रिय सम्मेलनले नयाँ नेतृत्व छानेको छ। क्रान्तिकारीको अध्यक्षमा विजय प्रकाश सापकोटा बुधबार निर्वाचित भए। पार्टीपिच्छे यस्ता विद्यार्थी संगठनहरु रहेका छन्।*

*विगत विगतमा विद्यार्थी संगठनहरुले पार्टीको राजनीति भन्दा विद्यार्थीका हकहितका पक्षमा आवाज बुलन्द गर्थे, सुशासन, लोकतन्त्रका लागि सरकारलाई खबरदारी गर्थे नें तर अहिले राजनीति बढी गर्ने विद्यार्थीका सवालमा कम काम गर्ने भनेर यस्ता संगठनहरुको व्यापक आलोचना हुने गरेको छ। दलका नेता सुध्रिएनन् भनेर नेताप्रति प्रश्न गर्ने विद्यार्थी संगठनहरु अहिले आफैँ बिग्रन थालेका छन्। नेतृत्व लिनका लागि आपसमा नेताहरुको पछि लागेर गुटमा बाँडिन थालेका छन्। जसबाट आफ्नो एजेण्डाहरुबाट टाढा पुग्दै नेताहरुको नजिक नजिक आफूलाई लगिरहेका छन्।*

*नेपालको विद्यार्थी आन्दोलनले ऐतिहासिक रूपमा सामाजिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको छ। दलका भातृ संस्थाहरु यतिबेला मूल उद्देश्यभन्दा विचलित हुँदै राजनीतिक दलका छायाँमा सीमित बन्दै गएको आरोप लागिरहेको छ। राजनीतिक दलहरूसँग आबद्ध विद्यार्थी संगठनहरूको प्रभावकारिता घट्दै जानुको प्रमुख कारण तिनको आन्तरिक गुटबन्दी हो। नेतृत्व लिने प्रतिस्पर्धामा विद्यार्थी नेताहरू दलका शीर्ष नेताहरूको आशीर्वाद खोज्न दौडिरहेका छन्। संगठनभित्र लोकतान्त्रिक प्रक्रिया कमजोर हुँदै गइरहेको देखिन्छ, जहाँ व्यक्तित्वपूजा हावी भइरहेको छ। विद्यार्थीहरूको मुख्य जिम्मेवारी शिक्षाको गुणस्तर सुधार, अवसरको समानता र युवाको हकहित सुनिश्चित गर्नु हो, तर अहिले यस्ता मुद्दा ओझेलमा पर्दै गएका छन्। यसप्रकारको प्रवृत्तिले विद्यार्थी आन्दोलनको मूल भावना नै कमजोर बनाइरहेको छ।*

*विद्यार्थी संगठनहरू राजनीतिसँग जोडिनु स्वाभाविक भए पनि त्यसको प्रमुख उद्देश्य विद्यार्थी सरोकारका विषयमा काम गर्नु हो। जब संगठनहरू सत्तासीन दलहरूको अन्धानुकरण मात्र गर्छन्, तब तिनीहरूको विश्वसनीयता गुम्छ। दलका नेताहरूलाई प्रश्न गर्ने क्षमता राख्ने संगठनहरू अहिले आफैं नेताका अनुयायी बनेर उनीहरूकै आदेश पालना गर्न व्यस्त देखिन्छन्। विद्यार्थी संगठनहरू भनेका वास्तवमा विद्यार्थी र शिक्षाका लागि महत्वपूर्ण औजार हुन्।*

*उनीहरुले विद्यार्थीका हक, अधिकार र भविष्य सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छन्। लोकतन्त्रको सुदृढीकरणदेखि शैक्षिक गुणस्तर सुधारसम्म, विद्यार्थी संगठनहरूले ऐतिहासिक रूपमा निर्णायक भूमिका निर्वाह गर्दै आएका पनि छन्। वास्तवमा, विद्यार्थी संगठनहरूले शैक्षिक सुधार, कलेज तथा विश्वविद्यालयमा पारदर्शिता, छात्रवृत्ति तथा शिक्षामा पहुँचजस्ता विषयमा आवाज उठाउनुपर्छ। शिक्षामा हुने धाँधली, मनपरी शुल्क वृद्धि, र क्याम्पस प्रशासनको लापरबाहीविरुद्ध विद्यार्थीहरूलाई एकताबद्ध गर्दै संगठनहरूले दबाब सिर्जना गर्नुपर्छ। त्यस्तै, बेरोजगारी, सिपमूलक शिक्षा, अनुसन्धान प्रवद्र्धन, र नवीन शिक्षानीतिहरूको माग राख्दै विद्यार्थीहरूलाई सशक्त बनाउनु विद्यार्थी संगठनहरूको प्रमुख दायित्व हुनुपर्छ।*

*यदि विद्यार्थी संगठनहरूले आफ्नो ऐतिहासिक भूमिका फर्काउन चाहन्छन् भने तिनीहरूले मूल मुद्दामा फर्कनुपर्छ। शिक्षाको सुधार, क्याम्पसभित्रको शैक्षिक वातावरण, अनुसन्धान प्रवद्र्धन र युवाका भविष्यलाई प्राथमिकतामा राख्नुपर्छ। दलका नेताहरूको इसारामा सञ्चालन हुने होइन, स्वतन्त्र रूपमा विद्यार्थी समुदायको पक्षमा बोल्ने संगठनको रूपमा आफैंलाई पुनःस्थापित गर्नुपर्ने आवश्यकता छ। अन्यथा, यी संगठनहरू केवल राजनीतिक भरौटे संस्थाका रूपमा मात्र चिनिनेछन्,जसले विद्यार्थी आन्दोलनको गौरवशाली इतिहासलाई नै धमिलो बनाउनेछ।विद्यार्थी संगठनहरूले आफ्नो प्राथमिकता विद्यार्थी हकहितमै केन्द्रित गर्नुपर्छ। शिक्षाको गुणस्तर सुधार, विश्वविद्यालय स्वायत्तता, विद्यार्थीका हक तथा अवसरका लागि संघर्ष गर्दै स्वतन्त्र रूपमा विद्यार्थीहरूको नेतृत्व गर्ने संस्कार बसाल्न आवश्यक छ।*

# स्वास्थ्य बीमाः लक्षित वर्गले पाएनन् लाभ



कालिका खड्का

गोरखाको अजिरकोट गाउँपालिकामा दलित तथा विपन्नका लागि निःशुल्क स्वास्थ्य बीमा अभियान कार्यक्रम सञ्चालन गरेको छ। गाउँपालिकाभित्र सम्पूर्ण दलित तथा विपन्न समुदायलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने उद्देश्यले पालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रममार्फत आवश्यक बजेट विनियोजन गरेको छ।

'स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका दलित तथा विपन्न घरपरिवारमा सहज स्वास्थ्य उपचार सेवा पु¥याउन पालिकाले करिब सात सय जनालाई निःशुल्क स्वास्थ्य बीमा गरिदिने कार्यक्रम अघि बढाएको छ', सो गाउँपालिकाका अध्यक्ष दीपक देवकोटाले भने, 'अहिलेसम्म १ र २ नम्बर वडामा निःशुल्क स्वास्थ्य बीमा सम्पन्न भएको छ, हामीले आर्थिक रुपमा विपन्न र स्वास्थ्य गर्न पैसा नभएका व्यक्तिलाई बढी ध्यान केन्द्रित गरेका छौँ।' गाउँपालिकाले मुटु फाउण्डेशन साथै मनोज एशोसिएसन फ्रान्ससँगको साझेदारीमा निःशुल्क स्वास्थ्य कार्यक्रम सञ्चालन गरेको हो।

अजिरकोट गाउँपालिका जस्तै काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकाले पनि एक हजार सात सय ८० परिवारको निःशुल्क स्वास्थ्य बीमा गरेको छ। उक्त गाउँपालिकाले ६० वर्षदेखि ७० वर्षसम्मका स्थानीय परिवारलाई निःशुल्क स्वास्थ्य बीमा गरेको हो। सो गाउँपालिका अध्यक्ष दिनेश लामाका अनुसार स्थानीय तीन हजार ७९ परिवारमध्ये दुई हजार छ सय ४८ घरपरिवारको निःशुल्क स्वास्थ्य बीमा गरिएको छ। त्यसमध्ये ५४ जना पूर्ण अपाङ्गता भएका नागरिकको पनि निःशुल्क बीमा गरिएको छ भने तीन परिवारको महिला स्वयम्सेवीकाको ५० प्रतिशत सरकारले व्यहोर्ने गरी बीमा गरिएको छ।

ज्येष्ठ नागरिक, दलित, विपन्न तथा सीमान्तकृत समुदायलाई निःशुल्क स्वास्थ्य गर्ने कानुनी तथा नीतिगत व्यवस्था छ। सोही नीतिगत व्यवस्थाअनुसार देशभरका स्थानीय तहमा स्वास्थ्य कार्यक्रम लागू भएको छ तर धेरै स्थानीय तहमा अहिले पनि उक्त कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन हुन सकेको छैन।

दलित अधिकारकर्मी दुर्गा सोवलाई स्वास्थ्य कार्यक्रमबाट अलि टाठाबाठाहरु लाभान्वित भएको र विपन्न, दलित र सीमान्तकृत समुदायले यसको फाईदा लिन सकेका छैनन् भन्ने लागेको छ।

'स्वास्थ्य कार्यक्रम यस्तो हो भनेर बुझाउने निकाय नै छैन, लक्षित वर्गले पाएका छैनन्', उनले भने, 'आर्थिक अवस्था कमजोर मानिसको प्राथमिकतामै पर्दैनन्, स्वास्थ्य गरिबहरुकै लागि बनाइएको हो।' स्वास्थ्य बीमा बोर्डको २०८१ असोज २२ गतेसम्मको तथ्याङ्कअनुसार दलित समुदायबाट छ लाख ६७ हजार ९६५ व्यक्ति र परिवारमा दुई लाख १८ हजार २३४ ले स्वास्थ्य बीमा गरेका छन्। तर नवीकरणको पाटोलाई हेर्ने हो भने दुई लाख नौ हजार ७६० व्यक्तिले मात्रै नवीकरण गरेका छन् भने परिवारमा एक लाख १४ हजार ४६२ ले गरेका छन्। स्वास्थ्य बीमाको उपयोग भने दुई लाख ६९ हजार ६९६ व्यक्तिले मात्र गरेको तथ्याङ्क छ।

दलित अधिकारकर्मी भक्त विश्वकर्माले गरिबीको परिचयपत्र हुनेको स्वास्थ्य निःशुल्क भएको तर दलित विपन्न भए पनि नपाएको बताए। 'विपन्नले परिचयपत्र हुनेले स्वास्थ्य पाएका छन् तर विपन्न दलितले त्यो अवसर पाएका छैनन्', उनले भने, 'लक्षित वर्गलाई कानुनले दिए पनि कतिपय राज्यका व्यवस्थाहरु नहुँदा र एक–दुई प्रतिशत धनी दलितलाई देखाएर दलितले त्यो अवसरबाट बञ्चित भएका छन्।'

उनका अनुभवमा स्वास्थ्यबारे जनचेतना असाध्यै कमजोर भएको र स्थानीयस्तरमा एक आर्थिक वर्षमा स्वास्थ्य गरे पनि चेतनाको कमीका कारण नवीकरण नगर्नेको संख्या ठूलो रहेको छ। दलित तथा सीमान्तकृत समुदायले स्वास्थ्य बीमाको अवस्थाबारे एसिया दलित अधिकार मञ्च र समन्यायिक समाज नेपालले यसबारेमा काम गरिरहेको विश्वकर्माले जानकारी दिए। स्वास्थ्य कार्यक्रममा अस्पतालहरुले गर्ने सेवा प्रवाह सहज नभएको, देशभरका स्वास्थ्य अस्पतालबाट उक्त सेवा पनि पाउन नसक्दा स्वास्थ्य बीमाका सेवाग्राहीले सोचेअनुरुप लाभ लिन नपाएको उनको भनाइ छ।

स्वास्थ्य बीमाबाट पाउने लाभ देशभरिका अस्पतालबाट नपाउने, निश्चित अस्पतालबाट मात्र लिनुपर्ने, शिक्षाको कमीका कारण सेवाग्राहीको कानुनले गरेको व्यवस्थाअनुसार पनि लाभ लिन पाएका छैनन्।

स्वास्थ्य बोर्डका बागमती प्रदेश संयोजक मनोज पौडेललाई स्वास्थ्य सेवाको खर्चलाई परिवारले धान्न सक्ने अवस्थामा ल्याउन र आर्थिक जोखिमलाई न्यूनीकरण बीमा कार्यक्रम प्रभावकारी हो भन्ने लाग्छ। 'स्वास्थ्य बीमाले जोखिम व्यवस्थापन, व्यक्ति, समुदाय र सरकार प्रत्यक्ष संलग्न, गुणस्तरीय स्वास्थ्य सेवा उपभोगको वकालत गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाउँछ', उनले भने, 'सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने, जोखिम न्यूनीकरणको व्यवस्था गरेर सर्वसाधारणका लागि थप वित्तीय संरक्षण गर्छ।'

स्वास्थ्य बोर्डका पूर्वअध्यक्ष डा. सेनेन्द्रराज उप्रेतीलाई स्वास्थ्य बीमाको प्रावधानमा गरिब तथा विपन्न व्यक्तिलाई प्रिमियम नलिने वा छुट दिने प्रष्ट व्यवस्थालाई कार्यान्वयन गर्नुपर्छ भन्ने लाग्छ। 'सीमान्तकृत, दलित, केही जनजातिलाई स्थानीय तहले पनि स्वास्थ्य बीमामा छुट वा सहुलियत दिने व्यवस्था पनि गरेको छ, स्वास्थ्यले दलित तथा सीमान्तकृतलाई कानुनी तथा नीतिगत रुपमा भएको छ', उनले भने, 'त्यसका लागि सरकारले सबै जिल्लामा गरिबीको पहिचान गरिसकेको छैन, पहिचान नहुँदासम्म कार्यान्वयनमा कठिनाइ छ।'

स्वास्थ्यबाट लक्षित वर्गले लाभ लिनका लागि देशभर गरिबीको पहिचान हुनुपर्छ। 'आर्थिक अवस्थाअनुसार राहत दिने हिसाबले कानूनी व्यवस्था छ, अति विपन्नलाई सरकारले पूर्ण सरकारले तिर्ने व्यवस्था पनि छ, गरिबी पहिचान नै सबै जिल्लामा भइसकेको छैन', डा. उप्रेतीले थपे, 'पहिलो पटक २६ जिल्लामा विपन्न नागरिक पहिचान भएको थियो, ती जिल्लामा नियमअनुसार विपन्न नागरिकले प्रिमियम पूर्ण छुट वा आधा छुटको व्यवस्था गरेको छ।'

तत्कालीन गरिबी निवारण मन्त्रालयले पहिला २६ जिल्लामा गरिबी पहिचान गरेको थियो। त्यसका आधारमा सुविधा लिएका छन्। 'स्वास्थ्यमा लाभ लिन आउने लक्षित वर्गहरु पनि आफू म गरिब हो, छुट पाइन्छ भन्ने थाहा पाएर परिचयपत्र बोकेर आएको भन्छन्', उनले आफ्नो अनुभव सुनाउँदै भने, 'त्यसरी आफै आएको आधारमा सुविधा पाएका छन्, लक्षित वर्गको अध्ययन प्रभावकारी रुपमा भएको छैन, राज्यले आर्थिक रुपमा कमजोरको पहिचान गर्नु जरुरी छ।'

सरकारले गरिबी पहिचान गरेर देशभर परिचयपत्र प्रदान गरेको छैन। वडाले गरिबीको परिचयपत्र दिने काम पनि भएको छैन। स्वास्थ्य गर्नाले तत्काल उपचारका लागि ऋण खोज्नुपर्ने अवस्थाको अन्त्य हुनुका साथै स्वास्थ्य उपचारमा सहज हुन्छ। स्वास्थ्य ऐन,२०७४ मा धेरै सहजरुपमा व्यवस्था गरेको छ। प्रचलित कानुनमा राष्ट्रसेवक मानिने व्यक्ति तथा बैदेशिक रोजगारीमा जाने कामदारको परिवारले स्वास्थ्य कार्यक्रममा आबद्ध हुनुपर्ने, नवजात शिशु, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तलाई स्वास्थ्य कार्यक्रममा आबद्ध गर्नु निजको संरक्षक तथा अभिभावकको कर्तव्य हुनेछ। वृद्धाश्रम, अनाथालय, बाल सुधार गृहलगायतका संस्थाहरूमा आश्रित व्यक्तिलाई स्वास्थ्य कार्यक्रममा आबद्ध गर्नु त्यस्तो संस्थाको व्यवस्थापकको कर्तव्य हुने व्यवस्था रहेको छ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरेको छ। 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन', उक्त हकमा भनिएको छ, 'प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ, प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।'

धारा ४२ सामाजिक न्यायको हकमा आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ। त्यस्तै, धारा ४३ मा सामाजिक सुरक्षाको हकअन्तर्गत आर्थिकरूपले विपन्न, असक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख छ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ मा वित्तीय व्यवस्थापनलाई दिगो बनाई सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितताका लागि कानुन तथा कार्यान्वयन निर्देशिका बनाई राष्ट्रव्यापी योजना लागू गरिने उल्लेख गरिएको छ।

साथै असमर्थ तथा आर्थिकरूपले विपन्नलाई छुट दिने व्यवस्था गरिने व्यवस्था रहेको छ। नागरिकले मौलिक अधिकारको रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गरिने, राज्यद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत र जोखिममा रहेका समुदायको पहुँच सुनिश्चित गर्न समतामूलक र सामाजिक न्यायको आधारमा कार्यव्रmम तर्जुमा गरी कार्यान्वयन गरिने व्यवस्था रहेको छ।

स्वास्थ्य गर्दा बहिरङ्ग तथा आकस्मिक सेवा, निदानात्मक सेवा र एकहजार एक १८ औषधी पाउने व्यवस्था रहेको छ। त्यसमध्ये औषधि ७०, आयुर्वेद औषधि २५ वटा पाइन्छ। रु एक हजारसम्मको चश्मा, रु पाँच हजारसम्मका स्वास्थ्यसम्वन्धी सहायक यन्त्रहरु पाइन्छ।

स्वास्थ्य बोर्डको तथ्याङ्कअनुसार हाल देशभर ४८२ स्वास्थ्य संस्थाले कार्यक्रम लागू गरेका छन्। अधिकांश सरकारी संस्थामा कार्यक्रम सञ्चालन गरिएको छ। मुख्यगरी, बिमितले औषधि तथा समयमा स्वास्थ्य सेवा नपाउनु, सेवा प्राप्त गर्न लामो समय लाइन कुर्न बाध्य हुनु, गरेका र नगरेका बिरामीको सेवामा विभेद् हुनु, प्रथम सेवा बिन्दुबाट थप उपचारको लागि ठूला अस्पतालमा 'रिफर' गर्दा आवश्यक कागजातको व्यवस्था नहुनु जस्ता विषयले कार्यक्रमप्रति नागरिकको विश्वास बढ्न सकेको छैन।

अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा सन् १८८३ मा जर्मनीले सामाजिक स्वास्थ्य कार्यक्रम कार्यान्वयनमा ल्याएको थियो भने सन् १९४८ मा बेलायतमा राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम सुरु भएको थियो। सुरुमा कामदारहरूलाई निःशुल्क स्वास्थ्य सेवा सुरु भएको हो।

सन् १९७७ दक्षिण कोरियामा औद्योगिक मजदुरलाई केन्द्रित गरेर भएको थियो। नेपाल सरकारले २०७७ चैत १६ गतेदेखि ७७ वटै जिल्लामा स्वास्थ्य कार्यक्रम लागू गरेको थियो। विसं २०७२ मा गठन भएको स्वास्थ्य बोर्डमार्फत ७७ वटै जिल्लामा स्वास्थ्य कार्यक्रम लागू गरेको थियो। विसं २०७७ चैत २५ गते ताप्लेजुङ, दोलखा, बारा, सर्लाही, मनाङ र मुस्ताङमा स्वास्थ्य कार्यक्रम सुरु गरेकामा पछि काठमाडौँ र ललितपुर जिल्लामा पनि लागू गरियो। स्वास्थ्य बोर्ड बार्डका अनुसार हालसम्म ८७ लाख ३२ हजार ९१२ स्वास्थ्य बीमामा आबद्ध भएका छन्। रासस

# ताल तथा सीमसार क्षेत्रमा पाइने चराको अस्तित्व खतरामा

**रासस**

कञ्चनपुरका संरक्षण क्षेत्रबाहिरका ताल तथा सीमसार क्षेत्रमा पाइने चराको अस्तित्व खतरामा परेको छ। अनियन्त्रित चोरी शिकारी, अवैध व्यापार, जलवायु परिवर्तनको असर, विषादी तथा कीटनाशक, रासायनिक मलको प्रयोग, जलप्रदूषण, प्लास्टिक फोहर, सिँचाइका लागि पानीको अति प्रयोग, ताल सुकाएर माछा मार्ने कार्यले चरा संरक्षणमा चुनौती थपिएको छ।

नेपाल पन्छी संरक्षण सङ्घ (बिसिएन) का चराविद् हिरुलाल डगौराले सीमसार क्षेत्र खुम्चिदै जाँदा चराको बासस्थानमा खलल पुगेको बताउँछन्। 'ताल तथा सीमसार क्षेत्र अतिक्रमण हुँदा ८६ प्रतिशत चरा जोखिमा रहेको पाइएको छ', उनले भने,'चराको बासस्थानसँगै ताल तलैया तथा सीमसार क्षेत्रमा चरा मार्नका लागि विषादीको प्रयोग हुने गरेको पाइएको छ, त्यस कार्यले चराको अस्तित्व खतरामा परेको छ।'

उनका अनुसार बेलौरी नगरपालिका–६ स्थित पुरैनी तालमा सन् २०१७ मा गरिएको सर्वेक्षणमा दुई हजार दुई सय जलपन्छी फेला परेका थिए। त्यसको नौ वर्षपछि सन् २०२५ मा आइपुग्दा चराको सङ्ख्या घटेर सात सय ५ पुगेको छ। चराको सङ्ख्या बर्सेनि घट्दै जानुमा बासस्थान विनाश प्रमुख कारणका रूपमा रहेको छ। बीउ छर्न र उमार्न, परागसेचन गर्न, परिस्थितिकीय प्रणालीमा सहयोग गर्न, कीरा फट्याङ्ग्रा नियन्त्रण गर्नमा चराले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ। योसँगै पर्यापर्यटनमा टेवा, वातावरणको शोभा बढाउने कार्यसँगै चराको धार्मिक तथा सांस्कृति महत्व रहेको चराविद् डगौरा बताउँछन्।

बिषादी प्रयोग गरी चरा मार्ने तथा शिकार गर्ने कार्यलाई स्थानीय सरकार, प्रशासनिक निकायले नियन्त्रण गर्नुपर्ने उनी बताउँछन्। बिसिएनको सहयोगमा चरा संरक्षणका लागि समुदाय स्तरमा सचेतना फैलाउनका लागि छलफल, गोष्ठी, बैठकसँगै चरा अवलोकनका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। ती कार्यक्रममा चरा संरक्षण गर्नका लागि सीमसार क्षेत्र जोगाउनुपर्ने कुरामा जोड दिइँदै आएको छ।

स्वास्थ्य,प्राकृतिक सिमसार क्षेत्र मानव अस्तित्वका लागि मत्हत्वपूर्ण रहेको कुरा समुदायलाई सम्झाउने बुझाउने कार्य हुँदै आएको कञ्चनपुर पंक्षी संरक्षण समूहका अध्यक्ष सन्देश चौधरी बताउँछन्। 'सिमसारसँग मानव समाजको अत्यावश्यक र आधारभूत सम्बन्ध छ', उनले भने,'ताजा पानी आपूर्ति गर्ने कार्य सँगै सीमसार क्षेत्रले पानी भण्डारण गर्दछन, जसका कारण सीमसार क्षेत्र महत्त्वपूर्ण छ।'

एक सर्वेक्षण अनुसार आधाभन्दा बढी विश्वको मुख्य आहाराको लागि सिमसारमा उब्जाएको उत्पादनमा निर्भर छ। विश्वका एक अर्बभन्दा बढी मानिसका लागि सिमसार क्षेत्रका माछाहरू प्रोटिनका प्राथमिक स्रोत हुन्। सीमसार क्षेत्रमा उब्जाएको धानले वार्षिक तीन दशमलव पाँच अर्ब मानिसलाई खान पुग्छ। सीमसार क्षेत्रको महत्व नबुझ्दा अतिक्रमणको चपेटामा पर्दै गएको छ। प्रवासी चराचुरुङ्गी र अन्य जनावरहरू यात्राका क्रममा आराम गर्ने, खाना खाने ठाउ वा प्रजननका लागि सिमसारमा निर्भर हुन्छन्।

रैथाने र प्रवासी चराको मुख्य बासस्थानका रुपमा रहेका सीमसार क्षेत्रलाई जोगाउनका लागि सबैको महत्त्वपूर्ण भूमिका हुने बेलौरी नगरपालिकाका उपप्रमुख जोगराम चौधरीको भनाइ छ। बिसिएनसँग सहकार्य गरी नगरपालिका क्षेत्रभित्रका सीमसार क्षेत्र संरक्षण र जलपंछी संरक्षणका लागि योजनाबद्ध रुपमा कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेको उनको भनाइ छ।

'पर्याप्त खाना, सुरक्षित प्रजननस्थल र राम्रो मौसमको खोजीमा चराहरू टाढा टाढाबाट बर्सेनि ताल तलैया र सीमसार क्षेत्रमा आइपुग्छन्', चरा संरक्षणकर्मी सुवन चौधरीले भने,'तालको शोभा बढाउने चरा जोगाउनका लागि तालमा माछा मार्ने कार्य रोकिनुपर्छ, बिषादी हालेर चरा मार्ने कार्यलाई निरुत्साहित गरिनुपर्छ।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# शिक्षा विकासको मूल आधार होः राष्ट्रपति



लमजुङ ।
राष्ट्रपति रामचन्द्र पौडेलले शिक्षा विकासको प्रमुख आधार रहेको बताएका छन् । बुधबार मध्यनेपाल नगरपालिका–३ सोतीपसलस्थित मङ्गला माध्यमिक विद्यालयको हीरक जयन्तीको समापन कार्यक्रमलाई सम्बोधन गर्दै उनले शिक्षा बिना विकास सम्भव नहुने भएकाले शिक्षा अनिवार्य आवश्यकता भएको बताए ।

राष्ट्रपति पौडेलले शिक्षालाई प्राविधिक, गुणस्तरीय र व्यवस्थित गर्दै समयअनुसार अघि बढ्नु अहिलेको आवश्यकता रहेको भन्दै यसमा सबैले समन्वय गर्नुपर्नेमा जोड दिए । उनले निष्ठा, प्रतिष्ठा र राजनीतिबाट कति पनि विचलित नभई आज यहाँसम्म आइपुगेको बताउँदै यसमा मध्यनेपालवासीको पनि योगदान रहेको भन्दै प्रशंसा गरे ।

राष्ट्रपति पौडेलले आफू २०४८ सालदेखि राजनीतिमा लागेको बताए । उनले भने, 'गाउँगाउँमा बाटो, बिजुली, शिक्षा, सञ्चारलगायत पूर्वाधार पुगेको छ, ग्रामीण विकासको लहर आएको छ । विकासको मेरुदण्डका रूपमा रहेका युवाहरू विदेश पलायन हुनबाट रोक्न गुणस्तरीय शिक्षा दिनुपर्छ । स्वदेशमा रोजगारीका अवसर सृजना गर्नुपर्छ ।'

राष्ट्र भन्नु नै जनता रहेको र जनता यसरी बाहिरिरहे मुलुक उजार अवस्थामा पुग्ने जनाउँदै राष्ट्रपति पौडेलले युवालाई स्वदेशमा रोक्न रोजगारी आवश्यक रहेको धारणा राखे । ठूलो त्याग र बलिदान गरेर ल्याएको सङ्घीय लोकतन्त्र गणतन्त्र शासन प्रणालीको जगमा राष्ट्रको सांस्कृतिक, सामाजिक, आर्थिक विकास हुने उनको भनाइ छ ।

अस्थिर राजनीतिले देश विकासमा बाधा पुग्ने उल्लेख गर्दै राष्ट्रपति पौडेलले राजनीतिक दलहरू एकजुट भएर आपसी सहकार्य र समन्वयबाट मुलुकको विकास गर्ने बेला आएको बताए । सबै एकजुट भएर सुशासन कायम गर्दै देश विकासका लागि भ्रष्टाचार, विकृति, विसङ्गति हटाउन जरुरी रहेकामा उनले जोड दिए ।रासस

# एचपिभी खोप अभियानः अभिनेत्री कोइराला सद्भावनादूत




काठमाडौँ ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रिय खोप कार्यक्रम तथा एचपिभी खोप अभियानका लागि वरिष्ठ अभिनेत्री एवं समाजसेवी मनिषा कोइरालालाई सद्भावनादूत घोषणा गरेको छ । मन्त्रालयले बुधबार काठमाडौँमा एक कार्यक्रम आयोजना गरी उनलाई सद्भावनादूत घोषणा गरेको हो ।

कार्यक्रममा अभिनेत्री कोइरालाले आफू क्यान्सरबाट पीडित भएर निको भएको बताउँदै निरोधात्मक पूर्वतयारी गरे पाठेघरको मुखको क्यान्सरबाट हुने जोखिमबाट बच्न सकिने उल्लेख गरिन् । खोपको प्रोत्साहन गर्ने सामाजिक काममा सहभागी हुन पाउँदा गर्व महसुस भएको बताउँदै उनले यस अभियानमा सबैलाई हातेमालो गरेर अघि बढ्न आग्रह गरिन् ।

सङ्घीय सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियान यही माघ २२ गतेदेखि सुरु गर्दैछ । आगामी फागुन ६ गतेसम्म देशैभरि सञ्चालन हुने यस अभियानअन्तर्गत १६ लाख ८८ हजार सात सय ६८ किशोरीलाई एचपिभी खोप लगाइँदैछ ।

एचपिभी खोप लगाएमा पाठेघरको मुखमा हुने क्यान्सरबाट सुरक्षित हुन सकिने र खोप प्रारम्भिक किशोर अवस्थामा लगाएमा प्रभावकारी हुने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यस सन्दर्भमा प्रारम्भिक किशोरावस्था भन्नाले १० देखि १४ वर्षको उमेरलाई बुझाउँछ । मन्त्रालयले यही माघ २२ गते (विश्व क्यान्सर दिवसका) दिन खोप अभियानको सुरूआत गर्ने जनाएको हो । नेपालमा औसतमा हरेक दिन छ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुने र चारजना महिलाहरूको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने गरेको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कले जनाएको छ ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याका रूपमा नरहने अवस्थामा पु¥याउन सरकारले सन् २०३० सम्म तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण गरेको जानकारी दिए । जसअनुसार १० देखि १४ वर्षसम्म उमेरका कम्तीमा ९० प्रतिशत किशोरीलाई एचपिभी खोप दिइने र ३० वर्षभन्दा माथिको उमेर समूहका कम्तीमा ९० प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सरको परीक्षण गरिने उनले उल्लेख गरे । उनका अनुसार पाठेघरको मुखको क्यान्सर पहिचान भएका कम्तीमा ९० प्रतिशत महिलाको उपचार गरिने छ ।

यो वर्ष देशव्यापी रूपमा एचपिभी खोप अभियान सञ्चालन गरिँदैछ । यस अभियानमा कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय बाहिर रहेका १० देखि १४ वर्षसम्मका किशोरीहरूलाई एचपिभी खोप दिइनेछ ।

मन्त्री पौडेलले भने,'मुलुकलाई सबैखाले क्यान्सरमुक्त बनाउन उपचारात्मक मात्र होइन अब निरोधात्मक अभियानमा लागेका छौँ । धेरै मृत्यु हुने गरेको पाठेघरको मुखको क्यान्सरबाट महिलालाई जोगाउन यो अभियान सुरु गरेका हौँ ।'

एचपिभी खोप सेवालाई आगामी वर्षदेखि नियमित अभियानका रूपमा सञ्चालन गरिने मन्त्री पौडेलले जानकारी गराए । अभियानअन्तर्गत विद्यालय जाने कक्षा ६ का छात्राहरू र विद्यालय बाहिर रहेका १० वर्ष उमेरका किशोरीहरूलाई हरेक वर्ष एचपिभी खोप दिइने मन्त्रालयले जनाएको छ ।

एचपिभी खोपका लागि लक्षित गरेका अधिकांश किशोरीहरू विद्यालयमा अध्ययन गर्ने भएकाले खोप सेवा पनि मुख्यतः विद्यालय केन्द्रित हुनेछ । विद्यालयहरूमा खोप सेवा सञ्चालनपछि स्वास्थ्य संस्था र बाह्य खोप केन्द्रहरू तथा वडा कार्यालयबाट समेत यो खोप प्राप्त गर्न सकिने मन्त्रालयले जनाएको छ ।

यस वर्ष सञ्चालन हुने एचपिभी खोप अभियानमा १८ हजार नौ सय विद्यालय र आठ हजार दुई खोप केन्द्रहरूबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेलले जानकारी दिए । उनका अनुसार खोप दिने स्वास्थ्यकर्मीहरू करिब २७ हजार र स्वयम्सेवक ५४ हजारभन्दा बढी परिचालन हुनेछन् ।

खोप अभियानका लागि १७ लाख ७० हजार २० मात्रा एचपिभी खोप प्राप्त भएको जानकारी दिँदै उनले यो खोप प्रदेश तहमा पु¥याइसकिएको र अभियान सञ्चालन अगाडि सम्बन्धित स्वास्थ्य संस्थामा पुग्नेगरी खोप वितरण गरिने बताए ।

अभियानका लागि गाभीबाट सहयोग र नेपाल सरकारको सहलगानी रहेको छ । हरेक वर्ष नियमित खोप कार्यक्रममा एचपिभी खोप समावेश गरी दिगो रूपमा खोप दिने लक्ष्य नेपाल सरकारले लिएको छ ।

मन्त्रालयले एचपिभी खोप सुरक्षित र प्रभावकारी रहेको र नेपालमा खरिद–आपूर्ति गरिने एचपिभी खोप विश्व स्वास्थ्य सङ्गठनले गुणस्तरयुक्त प्रमाणित खोप भएको जनाएको छ । नेपालमा खोप सञ्चालन गर्नका लागि औषधि व्यवस्था विभागले समेत अनुमति प्रदान गरेको छ ।रासस

# सहिदको बलिदानीबाट काम गर्ने सौर्य प्राप्त हुन्छः प्रधानमन्त्री



काठमाडौँ ।
प्रधानमन्त्री केपी शर्मा ओलीले सहिदहरुको बलिदानको प्रेरणाबाट परिवर्तनका लागि काम गर्ने सौर्य प्राप्त हुने बताएका छन् । राष्ट्रिय सहिद दिवस, २०८१ का अवसरमा बुधबार नेपाल सरकारद्वारा सिंहदरबार परिसरमा आज आयोजित मूल समारोहको कार्यक्रममा प्रधानमन्त्री ओलीले राणा शासनको अन्त्यका लागि र विभिन्न कालखण्डमा लोकतन्त्रका लागि सङ्घर्ष गरेर बलिदान दिएका महान् सहिदहरुले देशका लागि दिएको योगदान महत्वपूर्ण भएको बताएका हुन् ।

प्रधानमन्त्री ओलीले सहिदहरुकै बलिदान र प्रेरणाबाट मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्राप्ति भएको र यस प्रणालीमा सम्पूर्ण शक्तिको स्रोत सार्वभौम जनता भएको उल्लेख गरे ।

उनले यस प्रणालीलाई सबल र दिगो बनाउन आफूहरु लागि परेको जनाउँदै वास्तविक र पूर्ण लोकतन्त्रका लागि जनताका प्रतिनिधिले त्यस भावनाका साथ काम गर्नुपर्नेमा जोड दिए ।

उनले राजनीतिक प्रणालीमा परिवर्तन भइसकेकाले अब तानाशाही शासनसत्ताको बचाउका लागि शान्तिपूर्ण आन्दोलनमा लागेकालाई हत्या गर्ने त्यस प्रकारको शृङ्खला अन्त्य भएको बताए । उनले अहिले लोकतान्त्रिक प्रणाली र प्रक्रियाको रक्षाका लागि न्यायोचित कानुनबमोजिम समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्यमा वर्तमान सरकार स्पष्टरुपमा अघि बढिरहेको जनाए ।

'हामीले लामो सङ्घर्षबाट लोकतन्त्रको स्थापना गरेका छौँ । लोकतन्त्र भनेको अराजकता होइन । यो विकसित, सभ्य र सुशासनयुक्त प्रणाली हो । यदि व्यवस्थामा वा शासकहरुमा कुनै परिवर्तन गर्नुछ भने लोकतान्त्रिक बाटा र विधिबाट गर्न सकिन्छ तर लोकतन्त्रका नाममा देशलाई विभाजित गर्ने र विकासलाई अवरोध सृजना गर्ने कार्य स्वीकार्य हुन सक्दैन,' प्रधानमन्त्री ओलीले भने, 'देशको रक्षा, विकास र सुशासनका लागि यो सरकार अगुवाइ गर्न तत्पर रहेको छ । हामी सहिदले देखाएको मार्गमा सधैँ अविचलित रहनेछौँ ।'

कार्यक्रममा प्रतिनिधिसभाका उपप्रधानमन्त्रीहरु, मन्त्रीगण, प्रतिनिधिसभाका उपसभामुख, प्रधानमन्त्रीका मुख्य सल्लाहकार,सरकारका मुख्यसचिव, प्रधानसेनापति, सचिवहरु र विशिष्ट व्यक्तिहरुको उपस्थिति थियो ।

यसअघि प्रधानमन्त्री ओलीले लैनचौरस्थित सहिद स्मारक र सहिदगेटमा पुगेर सहिदप्रति सम्मान प्रकट गरेका थिए । नेपाल सरकार (मन्त्रिपरिषद्) को मङ्गलबारको बैठकले यस दिवसलाई राष्ट्रियस्तरमा मनाउने निर्णय गरेको थियो । रासस

# 'निस्वार्थ र कर्मशील भई देश विकासमा अग्रसर हुन जरुरी'

मकवानपुर ।
बागमती प्रदेशका प्रमुख दीपकप्रसाद देवकोटाले निस्वार्थ र कर्मशील बनी देश विकासमा अग्रसर हुन आग्रह गरेका छन् ।

सहिद दिवसको अवसरमा बुधबार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजनामा सहिद स्मारक हेटौँडामा आयोजित कार्यक्रममा सम्बोधन गर्दै उनले सहिदहरूको त्यागलाई सहिद सप्ताह र दिवसमा मात्रै विचार प्रवाह नगरी सत्कर्मको मार्गमा अघि बढेर समृद्धिको ढोका उघार्नुपर्नेमा जोड दिए ।

उनले स्वेच्छाचारिता र निरङ्कुशताका विरुद्ध आफ्नो ज्यानको प्रवाह नगरी आवाज उठाउने अनि विद्रोहका कदम चाल्ने ती महान सपूतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण व्यक्त गरे । राष्ट्र र जनताका पहरेदार अमर सहिदहरूले पहाडजस्तो भारी मृत्युवरण गरेको परिणाम स्वरूप निरङ्कुशताको गद्दी हल्लिन गई प्रजातन्त्र, लोकतन्त्र हुँदै हाम्रो देश गणतन्त्रात्मक शासन व्यवस्थामा पुगेको उनको भनाइ थियो ।

'आजभन्दा पहिला कहिल्यै नपाएको मौलिक र मानवअधिकारको उपभोग गर्न पाएका छौँ, यो सबै तिनै महान् निडर सहिदहरूको योगदानको प्रतिफल हो', उनले भने । सहिदहरूको सम्मानमा निर्मित यो स्मारकले हामीलाई इतिहासका क्रूर कालखण्ड र सहिदहरूको बलिदानीको तस्बिरलाई पुनर्ताजगी गराएको उल्लेख गर्दै प्रमुख देवकोटाले वीर सहिद शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द, गङ्गालाल श्रेष्ठलगायत ज्ञात अज्ञात महामानवप्रति श्रद्धाभाव प्रकट गरे ।

सहिद दिवसको यो अवसरले सबैलाई एकजुट भएर समृद्ध नेपाल निर्माण अभियानमा अघि बढ्न प्रेरणा प्रदान गर्नेसमेत उनले बताए । कार्यक्रममा प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा, सभामुख भुवनकुमार पाठक, प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेलगायत प्रदेशका मन्त्री, विभिन्न सङ्घसंस्था तथा सरकारी कार्यालयका प्रमुखको सहभागिता रहेको थियो । रासस

# समावेशी आधारमा न्यायाधीश नियुक्ति गर्नेछौँः कानूनमन्त्री




काठमाडौँ ।
कानून,न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले समावेशी आधारमा न्यायाधीश नियुक्ति प्रक्रियालाई अगाडि बढाउनेमा बताएका छन् ।

नेपाल बार एशोसिएसन र युवा कानुन व्यवसायी सरोकार समाजद्वारा आज यहाँ आयोजित पहिलो युवा कानून व्यवसायी सम्मेलनको पहिलो सत्रलाई सम्बोधन गर्दै उनले न्यायाधीश नियुक्तिको क्रममा समावेशी आधारलाई जोड दिने उल्लेख गरे ।

मन्त्री चौरसियाले युवा कानून व्यवसायीहरूको पेसागत सुरक्षा र हकहितका लागि काम गर्न सरकार तयार रहेको जानकारी दिए । 'न्यायिक सुधारका लागि कानुन व्यवसायीको महत्वपूर्ण भूमिका रहेको छ, कानून व्यवसायीको मानमर्दन हुने काम बन्द हुनुपर्छ', उनले भने, 'साथै कानुन व्यवसायीमाथि हुने हातपात पनि बन्द गरिनुपर्छ ।'

उनले लोकतान्त्रिक व्यवस्था लागू गर्न कानून व्यवसायीको भूमिका उल्लेख्य रहेको भन्दै मुलुकको व्यवस्था सुधारमा कानुन व्यवसायीहरू अग्रपङ्क्तिमा रहेर सरकारलाई सहयोग गरिरहेका बताए । सुशासन, पारदर्शी, कानुनी शासन तथा भ्रष्टाचार नियन्त्रणका लागि सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको उनले जानकारी दिए ।

सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलले विशेष गरी युवा वकिलहरूको पेसागत सुरक्षामा चुनौती देखिएको भन्दै पेसागत सुरक्षाका लागि नेपाल बार एशोसिएसनले भूमिका निर्वाह गर्नुपर्ने सुझाव दिए । 'युवा कानून व्यवसायीलाई पेसागत सुरक्षाको चुनौती छ, यो समस्या समाधान गर्न बार एशोसिएसनले पहल गर्नु जरुरी छ', उनले भने, 'युवाहरूले पनि आफ्नो बहसलाई सशक्त बनाउनका लागि अध्ययन अनुसन्धानमा जोड दिनुपर्छ ।'

नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले कानुन व्यवसायीको क्षमता अभिवृद्धिका लागि 'लयर एकेडेमी'को परिकल्पना गरिएको बताए । अदालतभित्र हुने भ्रष्टाचार अन्त्य गर्न सबै सक्रिय रूपमा लाग्न उनले सुझाव दिए ।

महासचिव अञ्जिता खनालले राजनीतिक आस्थाको आधारमा बारको सदस्यता वितरण गर्न नहुने धारणा राखे । उनले भने,'३३ प्रतिशत कानुन व्यवसायी जो कुनै पनि राजनीतिक दलमा आबद्ध हुनुहुन्न । उहाँहरूले बारको सदस्यता पाउन सक्नुभएको छैन । आगामी दिनमा ती सबैलाई बारको सदस्यता वितरणका लागि पहल गर्नेछौँ ।' सबै क्षेत्रमा न्यायिक पहुँच पु¥याउनका लागि न्यायालय पनि विकेन्द्रीकरण हुनुपर्नेमा उनले जोड दिए ।

अन्तर्राष्ट्रिय क्षेत्रका प्रतिनिधिबाट पनि सम्बोधन गरिएको कार्यक्रममा युवा कानुन व्यवसायी सर्वेक्षण प्रतिवेदन सार्वजनिक गरिएको थियो ।रासस

# राजस्व चुहावट कसुरमा मुद्दा दायर



**लुम्बिनी ।**
राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय बुटवलमार्फत बुटवल उपमहानगरपालिका–५ नेपालगञ्जरोडस्थित अलिम इन्टरप्राइजेजका सञ्चालक अलिम मियाँविरुद्ध राजस्व चुहावट कसुरमा मुद्दा दायर गरेको छ ।
विभागले अलिम इन्टरप्राइजेजका सञ्चालक मियाँले बिनास्रोतका भन्सार चोरीपैठारी गरिएका मालवस्तुको कारोबार गरी भन्सार महसुल, मूल्य अभिवृद्धि कर बिलविजक जारी नगरीकनै मूल्य अभिवृद्धि कर तथा आयकर छलेर राजस्व चुहावट गरेकाले उच्च अदालत तुलसीपुर, बुटवलमा मुद्दा दायर गरेको हो ।
प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन (संशोधनसहित) २०५२ को दफा ३ द्वारा निषेधित कार्य गरेका विषयमा अनुसन्धान गर्दा सोही ऐनको दफा ४ को कसुर गरेको पुष्टि हुन आएकाले प्रतिवादी मियाँबाट सोही ऐनको दफा २ (छ, १) बमोजिम बिगो तीन करोड ४३ लाख ३९ हजार चार सय ३३ रुपैयाँ बिगो र सोही ऐनको दफा २३ को उपदफा (१) बमोजिम बिगोको शतप्रतिशत जरिवाना मागदाबी गरिएको छ ।
साथै सोही ऐनको दफा २३ को उपदफा (१) (ख) बमोजिम ती प्रतिवादीलाई हदैसम्मको कैद सजाय मागदाबी अदालतमा दायर अभियोग पत्रमा गरिएको राजस्व अनुसनधान कार्यालय बुटवलले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।
राजस्व अनुसन्धान विभागका अनुसार प्रतिवादी मियाँले आर्थिक वर्ष २०७८–८९ मा भन्सार चोरी पैठारी गरी मालवस्तु कारोबार गर्ने गरेको सूचनाका आधारमा निजको व्यावसायिक फर्ममा राजस्व अनुसन्धान कार्यालय बुटवलको टोलीले २०७९ असार २४ र २५ गते खानतलासी गर्दा मौज्दात घटीबढी देखिएको र निजको बैंक स्टेटमेन्टमा आर्थिक वर्ष २०७८÷७९ मा फर्ममा देखाइएको कारोबारभन्दा बढी देखिएको आधारमा निजले राजस्व छली गरेको प्रमाणित भएको बताइएको राजस्व अनुसन्धान कार्यालल बुटवलले जनाएको छ । प्रतिवादी मियाँको राजस्व कार्यालय बुटवलले अनुसन्धानका क्रममा कारोबारका सम्बन्धमा आवश्यक सोधपुछका लागि पटकपटक सम्पर्क गर्दा पनि उपस्थित नभई फरार रहेको र इलाका प्रहरी कार्यालय बुटवलले खोजतलास गर्दा समेत फेला नपरेकाले मुद्दामा अदालतबाट म्याद जारी भई पक्राउ गर्न माग गरिएको छ । रासस

# राष्ट्रिय डेरी महोत्सव गरिँदै

**चितवन ।**
चितवनमा प्रथम राष्ट्रिय डेरी महोत्सव यही माघ २५ गतेदेखि सञ्चालन गर्न लागिएको छ । जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ र उद्योग सङ्घको संयुक्त आयोजनामा महोत्सव गर्न लागिएको हो ।
विदेशमा डेरीका परिकारहरूको महोत्सव हुने गरेको भए पनि नेपालमा पहिलो पटक महोत्सवका रूपमा दुध र दुग्धजन्य वस्तुको बजार प्रवद्र्धनका लागि महोत्सव गर्न लागिएको दुग्ध उत्पादक सहकारी संघका जिल्ला अध्यक्ष किशोर बगालेले जानकारी दिए । उनका अनुसार दुधको बजार राम्रो नभएको र भुक्तानी समयमा नआएको विषयलाई मध्यनजर गरेर महोत्सव आयोजना गरिएको हो ।
महोत्सवमा ७० व्यापारिक कक्ष (स्टल) रहनेछन् । त्यहाँ दुग्ध व्यवसायमा लगानी गर्ने सङ्घ–संस्था, डेरी सम्बन्धी उत्पादन, अन्तर्राष्ट्रिय स्तरका सङ्घ–संस्थाहरूको सहभागिता रहने उनले जानकारी दिए ।
माघ २५ देखि २७ गतेसम्म हुने महोत्सव दुधको बजार प्रवद्र्धन र व्यावसायिकीकरण गर्न सहयोगी बन्ने उनको भनाई छ । महोत्सवमा दुध र दुग्धजन्य उत्पादनको बजारीकरण कसरी गर्ने भन्ने विषयमा समूहगत छलफल हुनेछ । महोत्सव उद्योग सङ्घको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा हुनेछ । रासस

# राष्ट्रिय योजना आयोगद्वारा अनुदान लिन प्रस्ताव माग

**काठमाडौँ ।**
राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०८२÷८३ मा सङ्घीय समपूरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना र कार्यक्रमको प्रस्ताव माग गरेको छ । प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै आयोगले यी शीर्षकमा अनुदान लिन आगामी फागुन १५ गतेभित्र योजना तथा कार्यक्रमको विस्तृत विवरणसहितको प्रस्ताव पेस गरिसक्न भनेको हो ।
अघिल्ला वर्षहरूमा आयोगले समपूरक र विशेष अनुदानका योजनाको प्रस्ताव पुस मसान्तभित्र माग गरिसक्थ्यो । तर यसपटक राष्ट्रिय विकास समस्या समाधान समितिले समपूरक र विशेष अनुदानसम्बन्धी कार्यविधि संशोधन गर्न निर्देशन दिएपछि प्रस्ताव माग गर्न ढिला भएको थियो ।
आयोगका सहप्रवक्ता डा दिवाकर लुईंटेलकाअनुसार कार्यविधि संशोधन भएर कार्यान्वयनमा आएसँगै अनुदानका लागि प्रस्ताव माग गरिएको हो । 'समपूरक अनुदानमा सङ्घले ५० प्रतिशत योगदान गर्ने र बाँकी ५० प्रतिशत सम्बन्धित प्रदेश तथा स्थानीय तहले व्यहोर्ने यसअघिको व्यवस्था संशोधन गरी २० देखि ८० प्रतिशतसम्म व्यहोर्नुपर्ने व्यवस्था ल्याइएको छ । सोहि व्यवस्थाअनुसार आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमको माग गरिएको हो,' लुईंटेलले भने ।
विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१ ले यो शीर्षकमा अनुदान दिँदा योजना तथा कार्यक्रमको लागत तोकेको छ । गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रममा २५ लाख रुपैयाँ देखि तीन करोड रुपैयाँ लागत हुनुपर्नेछ । त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको लागत अनुमान न्यूनतम २५ लाख रुपैयाँदेखि अधिकतम पाँच करोड रुपैयाँसम्म तोकिएको छ ।
सङ्घीय विशेष अनुदानअन्तर्गत प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि कुल लागत अनुमान पाँच करोड रुपैयाँ देखि १० करोड रुपैयाँ तोकिएको छ । विशेष अनुदानअन्तर्गतका पूर्वाधार आयोजना तीनवर्षभित्र र अन्य कार्यक्रम सालबसाली रूपमा सम्पन्न गरिसक्नुपर्ने कार्यविधिमा उल्लेख छ ।
त्यस्तै, समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०८१ अनुसार गाउँपालिका वा नगरपालिकाले एक करोड रुपैयाँदेखि सात करोड रुपैयाँसम्मको लागतको आयोजना तथा कार्यक्रमका लागि सङ्घ सरकारसँग अनुदान माग गर्न सक्छन् । त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाले तीन करोड रुपैयाँ देखि १५ करोड रुपैयाँ र प्रदेशले १० करोड रुपैयाँ देखि तीस करोड रुपैयाँसम्मका आयोजनाका लागि प्रस्ताव हाल्न सक्छन् ।
प्रदेश र स्थानीय तहले अनलाइन प्रणालीबाट मात्रै समपूरक र विशेष अनुदानसम्बन्धी प्रस्ताव हाल्न पाउने व्यवस्था रहेको सहप्रवक्ता लुईंटेलले बताए । त्यस्तै, यस्ता आयोजना तथा कार्यक्रममा अनुदान लिनका लागि प्रस्ताव पेस गर्दा कार्यविधिले तोकेको प्रक्रिया र कागजातहरू आवश्यक हुने उनको भनाई छ । 'अनुदानका लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा विस्तृत कागजात पेस गर्नुपर्ने हुन्छ । कार्यविधिले तोकेको प्रक्रिया नपु¥याईकन परेका प्रस्तावहरू अनुदानका लागि योग्य हुँदैनन्,' उनले भने ।कार्यविधिअनुसार यी शीर्षकमा अनुदान लिनका लागि आयोजनाको सम्भाव्यता अध्ययन, ड्रइङ, डिजाइन, स्पेसिफिकेसनसहितको विस्तृत विवरणको लागत अनुमान पेस गर्नुपर्ने हुन्छ । त्यस्तै, वातावरणीय अध्ययन प्रतिवेदनलगायतका कागजात चाहिन्छन् । अनुदान माग गर्नका लागि स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेको हुनुपर्ने व्यवस्था कार्यविधिमा छ । रासस

# अमेरिकी डलरलगायत यी विदेशी मुद्राको भाउ बढ्यो

**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंकले निर्धारण गरेको विदेशी मुद्राको विनिमयदर अनुसार अमेरिकी डलरको भाउ बुधबार पनि बढेको छ ।
चिनियाँ युआन, साउदी अरेबियन रियाल, कतारी रियाल, हङकङ डलर, कुवेती दिनार, ओमनी रियालको भाउ पनि बढेको छ ।
युरोपियन युरो, युके पाउन्ड स्ट्रलिङ, स्विस फ्र्यांक, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, सिंगापुर डलर, जापानी येन, मलेसियन रिंगेट, साउथ कोरियन वन, स्विडिस क्रोनर, डेनिस क्रोनरको मूल्य भने घटेको छ । केही विदेशी मुद्राको भाउ भने स्थिर छ ।
राष्ट्र बैंकका अनुसार बुधबारका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३८ रुपैयाँ १४ पैसा र बिक्रीदर एकसय ३८ रुपैयाँ ७४ पैसा तोकिएको छ ।
यस्तै, युरोपियन युरो एकको खरिददर एक सय ४४ रुपैयाँ ५ पैसा र बिक्रीदर एक सय ४४ रुपैयाँ ६८ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर एक सय ७१ रुपैयाँ ७८ पैसा र बिक्रीदर एक सय ७२ रुपैयाँ ५३ पैसा, स्विस फ्र्यांक एकको खरिददर एक सय ५२ रुपैयाँ ४६ पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ १२ पैसा कायम गरिएको छ ।
अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ३२ पैसा र बिक्रीदर ८६ रुपैयाँ ६९ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ८६ पैसा र बिक्रीदर ९६ रुपैयाँ २८ पैसा, सिंगापुर डलर एकको खरिददर एक सय २ रुपैयाँ १९ पैसा र बिक्रीदर एक सय २ रुपैयाँ ६३ पैसा निर्धारण गरिएको छ ।
जापानी येन १० को खरिददर आठ रुपैयाँ ८९ पैसा र बिक्री दर ८ रुपैयाँ ९३ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ५ पैसा र बिक्रीदर १९ रुपैयाँ १३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ८३ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९९ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ८९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७७ पैसा कायम भएको छ ।
केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ८ पैसा र बिक्रीदर चार रुपैयाँ १० पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ६१ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ४५ पैसा र बिक्रीदर ३१ रुपैयाँ ५८ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५६ पैसा र बिक्रीदर नौ रुपैयाँ ६० पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ५५ पैसा र बिक्रीदर १२ रुपैयाँ ६१ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ३० पैसा र बिक्री दर १९ रुपैयाँ ३९ पैसा तोकिएको छ ।
राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ७३ पैसा र बिक्रीदर १७ रुपैयाँ ८१ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४७ रुपैयाँ ९८ पैसा र बिक्रीदर चार सय ४९ रुपैयाँ ९३ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६६ रुपैयाँ ४२ पैसा र बिक्रीदर तीन सय ६८ रुपैयाँ १ पैसा, ओमनी रियाल एकको खरिददर तीन सय ५८ रुपैयाँ ८१ पैसा र बिक्रीदर तीन सय ६० रुपैयाँ ३६ पैसा तोकिएको छ ।
यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा निर्धारण भएको छ ।
राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ । रासस

# महाकुम्भ दुर्घटनाः मोदीद्वारा मृतकका परिवारजनप्रति समवेदना



**नयाँदिल्ली ।**
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रयागराज महाकुम्भमा भागदौड मच्चिँदा मृत्यु भएका व्यक्तिका परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेका छन् ।
'प्रयागराज महाकुम्भमा भएको दुर्घटना अत्यन्त दुःखद् छ', उनले एक्समा लेखेका छन्, 'आफ्ना प्रियजन गुमाएका भक्तजनहरुप्रति मेरो गहिरो समवेदना छ ।' प्रधानमन्त्री मोदीले महाकुम्भको स्थितिबारे निरन्तर निगरानी जारी राख्दै घटनाबारे जानकारी लिइरहेका छन् । उनले बुधबार बिहानदेखि समाचार तयार पार्दासम्म तीन पटकसम्म उत्तर प्रदेश (यूपी) का मुख्यमन्त्री योगी आदित्यनाथसँग कुरा गरी स्थितिसामान्यीकरण र राहतका लागि निर्देशन प्रधानमन्त्रीको कार्यालयले जानकारी गराएको छ ।
'मौनी अमावस्या'को अवसरमा 'अमृत स्नान'का लागि सङ्गम घाटमा भक्तजनको ठूलो भीड लागेको बेला यो घटना भएको हो । दोस्रो 'शाही स्नान'को दिन मनाइने 'मौनी अमावस्या' मा आठदेखि १० करोड मानिसको भीड लाग्ने अनुमान गरिएको छ ।
महाकुम्भमा स्नान गर्ने अन्य महत्वपूर्ण तिथिहरू वसन्त पञ्चमी (फेब्रुअरी ३), माघी पूर्णिमा (फेब्रुअरी १२) र महाशिवरात्रि (फेब्रुअरी २६) रहेका छन् । रासस

# एपिएफले जित्यो एन्फा महिला लिगको उपाधि



**काठमाडौँ ।**
नेपाल पुलिस क्लबलाई पराजित गर्दै नेपाल एपिएफ क्लबले एन्फा महिला लिग फुटबल प्रतियोगिताको उपाधि जितेको छ ।
त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बुधबार भएको फाइनल खेलमा सविता राना मगरको २ गोलमा एपिएफले पुलिसलाई ४–० गोलअन्तरले पराजित गरेको हो । एपिएफको जितमा सवितासँगै सरु लिम्बू र अनु लामाले समान एक एक गोल गरे ।
खेलको ६४ औँ मिनेटमा अनिता केसीले दिएको बलमा सविता राना मगरले गोल गरिन् । खेलको ६९औँ मिनेटमा एपिएफकी अर्की खेलाडी सरु लिम्बूले गोल गर्दै टिमको अग्रता दोब्बर बनाइन् । खेलको ८३ औँ मिनेटमा प्रिति राईको पासमा सविताले अर्को गोल गरिन् ।
त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा अनु लामाले गोल गर्दै टोलीलाई ४–० को जित दिलाइन् ।
उपाधिसँगै एपिएफले १० लाख रुपैयाँ तथा उपविजेता पुलिसले पाँच लाख रुपैयाँ प्राप्त गरेको छ ।

# लौरेपालो गरेर हुर्काइएको ‘राम्चेवन’ पर्यटकीय गन्तव्य बन्दै

**पाल्पा।**
लौरेपालो शब्द अहिले कतै सुनिँदैन। यो शब्द सुन्दा आश्चर्यजनक लाग्छ । लौरेपालेको जीवन्त कथा जोडिएको छ, राम्चे सामुदायिक वनसँग । पाल्पाको रामपुर नगरपालिका–५ मा रहेको राम्चे सामुदायिक वनको नाम लिँदा लौरेपालोको रोचक स्मरण उपभोक्तामा ताजै छ। तर अहिले लौरेपालेको चलन यहाँ छैन।

वनले नयाँ स्वरुप धारण गरेर एउटा पर्यटकीय केन्द्रको रुपमा विकसित बनेको छ । अहिले यहाँको पर्या–पर्यटनले पर्यटकलाई आकर्षित बनाएको छ । रामपुरको केन्द्र भागमा अवस्थित रहेकाले हराभरा, पर्यटक लोभ्याउने वनको दृश्यले मनलाई आनन्दमय बनाइरहेको हुन्छ। पर्यटनको गहना बनेको राम्चेवन अहिले उत्कृष्ट पर्यटकीय गन्तव्यस्थल बनेको देख्न पाउँदा खुसी हुनुहुन्छ, ७४ वर्षीय नगिलाल पौडेल । उजाड नाङ्गो डाँडोलाई स्थानीयवासीले संरक्षणमा जोड दिएकाले वनको शीतलता, स्वच्छ हावापानी उपभोग गर्न, पर्यटकीय विकासको रुपमा उपभोग गर्न पाइँदैनथ्यो, एउटा पर्यटक घुम्ने मात्र भई यहाँ प्राकृतिक वस्तुको अध्ययन अवलोकन गर्ने, प्रकृतिको संरक्षण गर्ने थलो बनेको पौडेल बताउँछन्।

‘अवलोकन गर्न लायकको नमूना बनेको छ, आफ्नै जीवनकालमा नाङ्गो डाँडोको रुपमा देखेको वन अहिले यति धेरै परिवर्तन देख्न पाउँदा म एउटा भाग्यमानी उपभोक्ता हुँ भन्ने आफैँलाई गर्व महसुस भएको छ’, उनले भने, ‘२०३९ सालमा उजाडिएको नाङ्गो डाँडो मात्रै थियो, रुख बिरुवा लगाएर यसलाई हराभरा बनाएर भविष्यमा एउटा नमूना वन बनाउन सकिन्छ भनेर स्थानीय बासिन्दा लागेपछि अहिले आफ्नै जीवनकालमा परिवर्तन देख्दा गरे के नहुने रहेछ र ?’, उनले भने।
स्थानीयको सक्रियतामा २०३९ सालदेखि वन संरक्षणको प्रयास थालिएको हो।
त्यस समय वनको संरक्षणका लागि पञ्चायत समितिमा रहेर काम गर्नुभएका पौडेलले सामुदायिक वनको रुपमा दर्ता भएपछि समिति, उपाध्यक्ष, अध्यक्ष पदमा विभिन्न समयमा सक्रियताका साथ सेवा गर्नुभयो। स्थानीयले संरक्षण नगरेको भए यो वन नाङ्गै डाँडा रहन्थ्यो। उनी भन्छन्, ‘चरिचरन गर्न जङ्गलतिर गएका पशु नाङ्गो डाँडोमा छर्लङ्ग देखिन्थे, गाईबाख्रा माथितिर पठाएर हामी तल फाँटमै बसेर हेरिन्थ्यो, अहिले भने घनाघोर, हराभरा, पर्यापर्यटनको रुपमा वन विकास भएको छ, संरक्षणमा उपभोक्ता सबै सचेत छन्।’
करिब एक सय दुई हेक्टर क्षेत्रफलमध्ये पाँच हेक्टर क्षेत्रफल पर्या–पर्यटन क्षेत्र छुट्टाएर पर्यटकीय पूर्वाधार विकासका कार्यहरु गरिरहेको वन उपभोक्ता समूहका अध्यक्ष दयाराम गैरेले बताए। जिल्ला डिभिजन वन कार्यालयको सहयोगमा दृश्यावलोकन (भ्युटावर) स्तम्भ, वनभोज गर्ने स्थान, शौचालय, रुखघर, झुला, पानीको फोहोरा, रामसीता र हनुमानको मूर्ति, प्रतीक्षालय, खानेपानीको सुविधा, पक्की पैदलमार्ग, फूलवारी तयार पारिएको अध्यक्ष गैरेले बताए।

करिब तीन सय ५० जना अट्ने क्षमताको सभाहल रहेको छ । यहाँ विभिन्न सङ्घसंस्थाको सभा, समारोह, गोष्ठीजस्ता कार्यक्रम हुने गरेको छ ।



उनका अनुसार पर्यटकीय क्षेत्रमा दिनमा एक सय बढी अवलोकन गर्न आउने गर्छन्। शनिबार र बिदाको दिन धेरै भीड हुने गर्दछ । हाल भ्युटावर क्षेत्र प्रवेश र पर्या–पर्यटन क्षेत्र रेखदेखका लागि वन समूहबाट हेरालु राखिएको छ ।



‘रामपुरको बजार नजिकै भएकाले यस क्षेत्रमा पछिल्लो समय धेरै टाढाबाट घुमघाम तथा वनभोज गर्न आउने क्रम बाक्लिदै गएको छ, तल बाक्लो वस्ती भएकाले दिउँसो र साँझको समय वनको शीतलता खोज्न आउनुहुन्छ’, अध्यक्ष गैरेले भने।
बेझाड बजारदेखि सजिलै साना तथा ठूला गाडीमा पुग्न सकिने भएकाले अहिले राम्चेवन धेरैको रोजाइमा पर्छ । यहाँको प्राकृतिक वातावरणमा घुमेर मनलाई आनन्दित पार्न युवा समूहको आकर्षण अझ बढ्दो पाइन्छ। रामपुरको मुख्य बजार बेझाड बजारदेखि करिब दुई सय ५० मिटर माथि पर्छ। गत वर्ष वनको स्रोतबाट दुईवटा झुला, रुखघर, रामसीता र हनुमानको मूर्ति निर्माण कार्य गएिको छ।
वनभित्र साल, चिलाउने, साज, साज, जामुनो, अमला, सर्पगन्ध, हर्रोबर्रोजस्ता प्रमुख प्रजाति छन्। यहाँ मृग, कालिज, कुखुरा, बाघजस्ता वन्यजन्तु छन् । प्रत्येक उपभोक्ताबाट वनको हेरचाह, रेखदेख भइरहेको छ। वन समूहमा हाल तीन सय २१ घरधुरी संख्या रहेको छ। सरकारले पर्यावरण र पर्यटन प्रवर्द्धनका लागि ‘एक सामुदायिक वन एक उद्यान’ कार्यक्रम अगाडि सारेकाले पनि सोही अनुरुप यस राम्चे सामुदायिक वनले धमाधम पर्यटकीय क्षेत्र विकासका काममा जोड दिएको छ।

विसं २०५४ देखि वनभोजस्थलका रुपमा विकास गर्न थालियो । वनमा पर्यापर्यटनको उद्देश्यले २०६५÷६६ देखि वनभोजका रुपमा निकै चहलपहल हुँदै गयो । २०७२ मा दृश्यावलोकन स्तम्भ सञ्चालनमा आएपछि पर्यटकको थप आकर्षण बढ्दै जान थाल्यो। रामपुर उपत्यका, स्याङ्जाको चापाकोट, तनहुँको घिरिङ्ग क्षेत्रलगायतका विभिन्न कालीगण्डकी बेँसीको उपत्यकाको वारिपारिको दृश्य यहाँको पाँच तलाको दृश्यावलोकन स्तम्भबाट छर्लङ्ग देख्न सकिन्छ।

विसं २०१३ मा वनहरु सरकारीकरण भएपछि वन मासेर जग्गा बनाउने काम भएकाले २०४७ सालमा प्रजातन्त्र पुनस्र्थापनापछि नयाँ वन ऐन २०४९ तथा वन नियमावली २०५१ अनुसार सामुदायिक वन दिने भनी व्यवस्था भएअनुरुप वनलाई विधिवत रुपमा समुदायमा हस्तान्तरण गरी संरक्षण र उपभोग गर्न पाउने नीतिका साथमा उपभोक्ता समूह दर्ता भएको हो । विसं २०३०÷३२ देखि राम्चे वनको अवधारणा आएको हो । तत्कालीन रामपुर गाउँ पञ्चायतले राम्चे वनलाई संरक्षण गर्नुपर्छ भन्ने धारणा ल्याएर वडाको कार्यालय सहयोगी खटाएर वनको रेखदेख गर्न थालियो । विसं २०४७ मा सामुदायिक वनका रुपमा हस्तान्तरण गरिएपछि धेरै सुधार हुँदै हराभरा बन्न सकेको छ।

जङ्गली जनावरको डर, त्रास, आक्रमण सहेर आफूले दैनिक सेवा गरेर हुकाईएको वनमा हिजोआज वनभोज, घुमघामका लागि पर्यटक भित्रिदा रमाइलो अनुभूति गर्नुहुन्छ, ८० वर्षीय चन्द्रकला नेपाली। जीवनको धेरै समय उनले वनको रेखदेखको जिम्मेवारी लिएर बिताए । साना बिरुवा अहिले बढेर ठूला भएको देख्दा आफूले जन्माएको सन्तान हुर्काए सरह नै वनप्रति माया बसेको उहाँले सुनाए। ‘बिहान ४ बजे उठेर वनको रेखदेख गर्न जान्थेँ, जङ्गली जनावरको डर हुन्थ्यो । चितुवा, बाँदरलगायतका जनावरको आक्रमणबाट बचेर घर फर्केका दिन धेरै छन्, दैनिक सबै वन हेरेर घर फर्कदा साँझ रात पर्थ्यो, निकै दुःख गरेर हुर्काएको वन अहिले यति धेरै परिवर्तन र ठूलो वन बनेको देख्दा खुशी लागेको छ’ उनले भने।

## वन समूहको आयस्रोत

वनमा उत्पादन भएका दाउरा, काठपात बिक्री नै आयस्रोत रहेको छ । साथै पर्या–पर्यटनबाट पनि वनले आयआर्जन गरिरहेको छ। काठपात, दाउराबाट वन समूहले वार्षिक रुपमा सरदरमा रु छ लाख बराबरको आयआर्जन हुने गरेको छ। गतवर्ष मात्रै काठपात, दाउरा बिक्री गरेर रु नौ लाख आम्दानी गरेको जनाइएको छ । वार्षिक रुपमा पर्या–पर्यटन, सभाहल, वनभोजबाट करिब रु एक लाख आम्दानी हुने गरेको छ । विपन्न वर्गको आयस्तर उकास्न करिब दुई हेक्टर क्षेत्रफलमा अम्रिसो, घाँसपात लगाइएको छ। यसबाट विपन्न व्यक्तिले आयआर्जन गरिरहेका छन् । नयाँ उपभोक्ता सदस्य बन्न चाहनेको हकमा उपभोक्ता समितिले निश्चित मापदण्ड तोकेको छ । एकाघर परिवारबाट छुट्टाभिन्न भएका सदस्यलाई सामान्य शुल्क रु तीन सय तोकिएको छ भने नयाँ उपभोक्ता बन्नेलाई हाल २५ हजार रुपैयाँ प्रवेश शुल्क बुझाउनुपर्नेछ।

## हाल वनको अवस्था

उपभोक्ता समितिले संरक्षण गरेका सालका रुख हर्लक्कै हुर्केका छन् । सालका रुखको उमेर ३५ वर्षको भयो। सरदरमा ४० इन्च गोलाइका रुखहरु तयार भएका छन् । दशवटा ब्लक विभाजन गरेर वनको संवर्द्धन भइरहेको छ । प्रत्येक वर्ष झाडी सुधारबाट निस्केको काठपात, दाउरा उपभोक्तालाई निःशुल्क वितरण गरिन्छ । उपभोक्तालाई सुलभ मुल्यमा काठ, दाउरा उपलब्ध गराइन्छ । प्राकृतिक रुपमा निस्केका बिरुवालाई संरक्षण गरिदै अहिले वनले पर्यटकीय क्षेत्रको रुपधारण गरेको छ । उपभोक्ताको आवश्यकतालाई ध्यानमा राख्दै चाडपर्व तथा विभिन्न समय समयमा घाँस, दाउरा, स्याउला उपलब्ध गराइएको छ।
प्राकृतिक विपत्तिमा उपभोक्तालाई निःशुल्क काठ, दाउरा निःशुल्क वितरण गरिनेछ । धार्मिक, सामाजिक कार्यका लागि उपभोक्ताको निवेदनको आधारमा काठदाउरा उपलब्ध छ । वन समूहले आर्जन गरेको आम्दानीबाट २५ प्रतिशत रकम विपन्न वर्गको हितमा खर्चिइएको छ भने २५ प्रतिशत वन सम्बद्र्धनमा लगानी र बाँकी रकम सडक, पँधेराजस्ता सामाजिक क्षेत्रमा खर्चिने गरिएको छ।

## बिरुवा हुर्काउन लौरेपालो

बिरुवा हुर्काउन वन समूहले उपभोक्ताबाट लौरेपालो शुरु गर्‍यो । प्रत्येक घरधुरीबाट दैनिक दुई जनाको पालो कायम गरेर वनको रेखदेख गरिन थालियो । यो कार्य करिव एक दशक चल्यो। बिरुवा बढ्दै जान थालेपछि वन समूहले लौरेपालो छाडेर उपभोक्ताभित्रबाट निश्चित पारिश्रमिक दिने गरी एक जना हेरालु राखेको जनाइएको छ। लौरेपालो टोलअनुसार विभाजन गरेर गरिन्थ्यो । यो निरन्तर चलिरहन्थ्यो । बिहानदेखि साँझसम्म दैनिक दुई जना उपभोक्ताले वन घुमेर रेखदेख गर्नु पर्दथ्यो। वनबाट फर्केपछि साँझ पालोअनुसार अर्को उपभोक्ताको घरमा लौरो बुझाउनुपर्ने चलन थियो । भोलिपल्ट सो लौरो लिएर जानुपर्ने नियम अनुसार सबै उपभोक्ताले अनिवार्य वन रेखदेख गर्नुपर्थ्यो।

## नयाँ योजना यस्ता छन्

यहाँ आउने पर्यटकलाई लक्षित गरेर मिनि चिडियाखाना निर्माण गरिने वन समूहको योजना छ । त्यसको लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरिएको छ। बेलखोल्सीमा बाँध बाँधेर पोखरी निर्माण गरी सिमसार क्षेत्र बनाइनेछ।
पानी सञ्चित गर्न, वन व्यवस्थापन र वनभित्र रहेका पानीका मूल संरक्षणका लागि सिमसार क्षेत्र बनाउने तयारी छ। यस क्षेत्रमा पर्यटक लक्षित सिमसार क्षेत्रको माथि वारपार गर्न काठको झोलुङ्गे पुल, वन समूहको कार्यालय भवन परिसरमा उद्यानसहितको बृहत् पार्क निर्माण गरिने योजना रहेको जनाइएको छ। रासस

# वीरगंजसहित देशभर मनाईयो शहीद दिवस

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजसहित देशभर शहीद दिवस मनाईएको छ । शहिद दिवसको अवसरमा जिल्ला प्रशासन कार्यालय पर्साको आयोजनामा वीरगंजको घण्टाघरदेखि उत्तरतर्फ रहेको शहीदपार्कमा राखिएको मधेश आन्दोलनका शहीदहरुको शालिकमा माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गरिएको छ ।



पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालयको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वक्ताहरुले शहीदले देखाएको सपना पूरा गर्न सबैपक्ष जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गरेका थिए । राजनीतिक दलका प्रतिनिधिहरुले राज्यपक्षबाट पहिलो पटक वीरगंजमा शहीद दिवस मनाएको धन्यवाद दिँदै यसको निरन्तरता हुनुपर्ने बताएका थिए ।

शहीदहरुले दिएको बलिदानले अहिले स्वतन्त्रता र लोकतन्त्र स्थापित भएको बताउँदै यसलाई अझ उन्नत खालको बनाउन सबैपक्ष जिम्मेवार हुनुपर्ने बताए । कार्यक्रममा वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, नेपाली कांग्रेस पर्साका कार्यवाहक सभापति रामनारायण कुर्मी, नेकपा एमाले पर्साका अध्यक्ष डाक्टर विश्वम्भर शर्मा, राप्रपाका जिल्ला सचिव पन्नालाल पटेल, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनालले मन्तव्य व्यक्त गर्दै शहिदहरुप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए । कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी निशानराज गौतम, प्रहरी उपरीक्षक गौतम मिश्र, सशस्त्र प्रहरी नायव उपरीक्षक नरेन्द्रसिंह धामी, जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक लोकराज भट्ट, वडा प्रहरी कार्यालय वीर्ताका प्रहरी निरीक्षक निरोज चौलागाई लगायत विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सुरक्षाकर्मी र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।



**शहीद अमात्यको प्रतिमामा माल्यार्पण:** मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्रीलगायतले वीरगंजको गण्डकचोकमा शहीद दिवसको अवसरमा बुधबार शहीद तेजबहादुर अमात्यको प्रतिमामा माल्यार्पणपश्चात् सामूहिक तस्बिरमा । तस्बिरः हिमाल लम्साल/रासस

# कांग्रेस पर्साद्वारा १० जना अग्रज सम्मानित

**मधेशदृष्टि**
**वीरगंज ।**
शहीद दिवसको अवसरमा नेपाली कांग्रेसले वीरगंजमा १० जना अग्रजहरुलाई सम्मानित गरेको छ । वीरगंज–१४ गण्डक चोकमा अवस्थित सहिद तेजबहादुर अमात्यको शालिक परिसरमा बुधबार नेपाली कांग्रेसको क्षेत्रीय कार्यसमितिले आयोजना गरेको कार्यक्रममा लोकतन्त्र, मानव अधिकार र समाज सेवामा महत्वपूर्ण योगदान पु¬याएका १० जना व्यक्तिहरूलाई सम्मानित गरेको हो ।

कार्यक्रममा मधेश प्रदेशका कृषि मन्त्री जनार्दन सिंह क्षेत्रीले नगेन्द्र पटेल, याकुब अन्सारी, लालबहादुर राउत कुर्मी, शान्ति कार्की, लक्ष्मण प्रसाद कुर्मी, लाल महमद मियाँ, जमिला खातुन, पार्वती देवी, नेत्र बहादुर केसी र हिराकान्त चौधरीलाई दोशल्ला ओढाएर सम्मान गरे ।

कांग्रेसका क्षेत्रीय सभापति मोहम्मद सहाबुदिनको अध्यक्षता तथा मन्त्री क्षेत्रीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रदेश सभा सदस्य श्याम पटेल, नेपाली कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलम लगायतका नेताकार्यकर्ताको उपस्थिति रहेको क्षेत्रीय सचिव रन्जित कुमार पटेलले जानकारी दिए ।

# स्व. काशीनाथ तिवारीको शालिकमा पनि माल्यार्पण

**मधेशदृष्टि**
**वीरगंज ।**
हिन्दू धर्मको रक्षार्थ र नेपाललाई हिन्दू राष्ट्र घोषणा गराउनका लागि अनवरत रुपमा लागेकै बेला वीरगंजमा गोली हानी हत्या गरिएका स्वर्गीय काशीनाथ तिवारीको शालिकमा शहीद दिवसका दिन बुधबार श्रद्धान्जली कार्यक्रम गरिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १० अशोकवाटिकाको शम्सानघाट छेउमा स्थापना गरिएको स्व. तिवारीको शालिकमा नेपाल जनता पार्टीको आयोजनामा श्रद्धान्जली कार्यक्रम गरिएको हो । हिन्दू युवा संघका संस्थापक केन्द्रीय अध्यक्ष तिवारीको तत्कालीन नेकपा माओवादीले २०६७ साल असार १३ गते शम्सानघाटमै रहेको शीवपार्वती मठमा गोली हानी हत्या गरेको थियो । बुधबार शहीद दिवसका दिन स्व. तिवारीको शालिकमा वीरगंज महानगरपालिकाको सहयोगमा सरसफाई गरेर स्व. तिवारीको शालिकमा माल्यार्पण गरेर श्रद्धान्जली अर्पण गरिएको नेपाल जनता पार्टीका केन्द्रिय वरिष्ठ नेता सन्तोषानन्द महाराजले बताए ।

नेपाल जनता पार्टी पर्सा जिल्लाका अध्यक्ष अनिल कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय वरिष्ठ नेता संतोषानन्द महाराज, केन्द्रीय सदस्यहरु विनोद कुर्मी, पारस द्विवेदी, शिक्षाप्रेमी राजेन्द्र सिंह, पार्टीका पर्सा जिल्ला उपाध्यक्ष धीरज साह कानुसदस्यहरु प्रमोद शर्मा, सुमीत कुमार दीप कुमार, अंशु कुमार प्रजापति, सन्तोष कुशवाहा, बहुदरमाई नगरपालिका संयोजक मुना साह तेली लगायतको सहभागिता रहेको थियो ।

# जसले महायज्ञका लागि १०११ मूर्ति बनाउँदैछन् !



**मधेशदृष्टि**
**वीरगंज ।**
उमेरले ५५ वसन्तपार गरेर बुढ्यौलीले छोएपनि मूर्तिकार बलिराम पण्डितको जोशजाँगर भने कुनै तन्नेरीको भन्दा कम छैन । विगत ३० वर्षदेखि उनका हातले देवदेवताका विभिन्न स्वरुप र आकृति भएका मूर्ति बनाउँदै आएका छन् । यतिबेला उनलाई आफ्नो जीवनभरकै सबैभन्दा बढी मूर्ति बनाउने अवसर जुरेको छ । वीरगंज महानगरपालिका–१६ बसपार्कभन्दा झण्डै दुई किलोमिटर दूरीमा अवस्थित विश्रामपुर गाउँपालिका–५ मा आयोजना हुन लागेको श्री श्री १००८ महाशिवरात्री महामहोत्सव महायज्ञ २०८१ मा पण्डित नेतृत्वको टोलीले एक हजार ११ वटा देवदेवताका मूर्ति बनाउने जिम्मेवारी पाएको छ । ‘विगत ३० वर्षदेखि विभिन्न स्वरुप र आकृतिका देवदेवताका प्रतिमा बनाउँदै आइरहेको थिए’, पर्साको विन्दवासिनी गाउँपालिका–५ प्रसौनीभाठ्ठाका पण्डितले भने, ‘पहिलो पटक एक हजार ११ वटा देवदेवताको मूर्ति बनाउने अवसर पाउँदा मनमा छुट्टै उमङ्ग र उत्साह थपिएको छ ।’ उनलाई बनाउन १८ जना कालिगड सहयोगीका रूपमा डेढ महिनादेखि खटिरहेका छन् । मूर्तिकार पण्डितले एक हजार ११ मध्ये विभिन्न भगवानका लिला समेट्ने खालका मूर्ति तयार पारिने जानकारी दिए । रामलिला, कृष्णलिला, शिवलिला, ५२ अवतार, सूर्य लिला, कुरुक्षेत्र, हुनमानका लिला, भिष्मपीता, लङ्कालगायत एक हजार ११ मूर्ति तयार पारिने भन्दै पौराणिक कथा तथा ग्रन्थका गतिविधिलाई मूर्तिमा समावेश गर्न लागिएको उनले बताए ।

मूर्तिकार पण्डितले सामान्यता सानो मूर्तिको एक हजार पाँच सयदेखि पाँच हजार मूल्य पर्ने भन्दै सोही अनुसार मूर्ति बनाउन लागिएको उल्लेख गरे । उनले एक हजार ११ मूर्ति बनाउन करिब २५ लाख रकम लाग्ने अनुमान गरे । ‘माटोलाई कुदेँर भगवानको आकार बनाउँदा छुट्टै आत्मसन्तुष्टि मिल्छ’, पण्डितले भने, ‘हामी पुस्तौदेखि यही काम गर्दै रमाइरहेका छौँ । यही माटोबाट हुने कलात्मक आकृतिका कारण पाँच जनाको परिवारलाई हाँसीखुसी पाल्दै आइरहेको छु ।’ उनले सबै खर्च कटाएर वार्षिक चार लाखसम्म बचत हुँदै आएको जानकारी दिए । पण्डितले मूर्ति बनाएरै तीन छोरी र दुई छोरालाई उच्च शिक्षा दिँदै आइरहेको बताए । ‘विगतमा मैले २१, ५१, एक सय एक, दुई सय एक संख्यामा मूर्ति बनाएको थिए’, उनले भने, ‘यतिधेरै मूर्ति भने पहिलो पटक बनाउन लागेको हुँ ।’ महामहोत्सव महायज्ञ मूल व्यवस्थापन समितिका अनुसार महायज्ञ आगामी माघ २४ गतेदेखि फागुन १५ गतेसम्म सञ्चालन हुनेछ । मूल व्यवस्थापन समितिका सदस्य सुमित यादवले महायज्ञमा एक हजार ११ मूर्ति बनाउने कार्य अन्तिम चरणमा पुगेको जानकारी दिए । ‘महायज्ञ सामाजिक कार्य गर्ने उद्देश्यले आयोजना गर्न लागिएको हो’, उनले भने । महायज्ञ प्रसारप्रसार समितिका संयोजक राज सर्राफले महायज्ञको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए । महायज्ञमार्फत सामाजिक कार्य गर्नुका साथै धार्मिक पर्यटन प्रवद्र्धन हुने विश्वास लिइएको उनले बताए ।

# माओवादी केन्द्रको आन्दोलन स्थगित

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिकाका मेयर भरतकुमार थापालाई सरकारले झुटा वन मुद्दा लगाएर फसाउन खोजेको दावी गर्दै चरणवद्ध आन्दोलन गरिरहेको माओवादी केन्द्रले आजदेखि सर्लाहीमा गर्ने भनेको आम हड्तालको कार्यक्रम स्थगित गरेको छ । बुधबार शहीद दिवस र बिहीबार तामाङ समुदायको सोनाम ल्होछार पर्व परेकाले आम हड्ताल सहितका विरोधका कार्यक्रम तत्कालको लागि स्थगित गरिएको माओवादी सर्लाहीका इन्चार्ज अच्युतम काफ्लेले जानकारी दिए । बागमती नगर क्षेत्रको खाली पर्ती जग्गामा सुकुम्बासी बस्ती बसाएको



आरोप लगाउँदै जिल्ला वन कार्यालयले मेयर थापा र उपमेयर लीला मोक्तानविरुद्ध वन मुद्दा दायर गर्ने तयारी गरेको दाबी गर्दै माओवादी केन्द्र आन्दोलनमा उत्रिएको हो । जिल्लामा चरणवद्ध सडक संघर्ष गर्दै आएको माओवादीले मंगलबार सर्लाहीको बागमतीमा राजमार्ग नै अवरुद्ध गरेर जनसभा गरेको थियो । त्यसअघि मसाल जुलुस, मोटरसाइकल ¬याली, मधेश प्रदेशका मुख्यमन्त्री, वनमन्त्री र सागरनाथ वन विकास परियोजनामा ज्ञापनपत्र बुझाउने सहितका आन्दोलनका कार्यक्रम माओवादीले सम्पन्न गरिसकेको छ ।





## शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**पोखरिया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पोखरिया, पर्सा, मधेश प्रदेश, नेपाल**


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन